अभियान साप्ताहिक

ABHIYAN WEEKLY

abhiyanweekly40@gmail.com

वर्ष : ३८ / अंक : १२ / २०७७ असोज २३ गते शुक्रबार / 9 Oct., 2020 / मूल्य रू. १०/-

संघीयता नै घाँडो सावित

काठमाडौ । संविधानले तिनै तहको सरकार अर्थात संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहकोसरकारबीच अधिकारको बाँडफाँड गरिदिएको छ । आफूले पाएको अधिकारसमेत प्रदेश सरकारहरूले प्रयोग गर्न सकिरहेका छैनन । संघीय सरकारमा नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको केपीओली सरकार रहेको छ भन्ने ७ प्रदेश मध्येका ६ वटा प्रदेशमा समेत नेपाल कम्युनिष्ट पार्टीकै बहुमतको सरकारले आ आफ्ना पार्टीको निर्देशन अनुसार सरकार सञ्चालन गरिरहेका छन् केही प्रदेश सरकारहरूले अहिलेसम्म प्रदेशको राजधानी र नाम समेत तोक्न सकेका छैनन् । भने प्रदेश नं. ५ ले प्रदेशका नामाकरण लुम्बिनी तोकेपनि राजधानी दाङ्गको भालुवाङ्गलाई बनाउने निर्णय गरेपश्चात् त्यसको उग्र विरोध भएको छ । प्रदेशका मुख्यमन्त्री

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanonline.com.np मा पनि पढ्न सक्निन्छ ।

बलात्कारीलाई फाँसी होइन आजिवन कारावासमा राखौं

काठमाडौ । पछिल्लो समयमा मुलुकमा अनेक प्रकारका विकृत्तिहरु बढ्दै गएका छन् । प्रायः प्रत्येक दिन भ्रष्टाचारका समाचार र बालिका बलात्कार भएका समाचारहरु प्रकाशित हुँदै आएका भए पनि त्यसलाई नियन्त्रण गर्न सरकार असफल साबित हुँदै गएको छ । मुलुकमा यति बेला झण्डै दुईतिहाई नजिकको नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको सरकार रहेको छ भने ७ प्रदेश मध्येमा ६ वटा प्रदेशमा संघीय सरकारको नेतृत्वकर्ता पार्टीकै सरकार रहेको छ । स्थानीय तहमा समेत नेपाल कम्युनिष्ट पार्टीकै बहुमत रहेको भएपनि यी तिनै तहका सरकारहरुको समन्वय हुन नसकेको र पार्टीभित्रै पनि भावनात्मक रूपमा एक हुन नसकेको अवस्थाले गर्दा

>>> बाँकी ८ पेजमा

प्रदेशसभासहरू रबरस्टाम्प बन्दै

काठमाडौ । संविधानसभाबाट निर्माण भै लागु गरिएको संविधान लागु भएको ५ वर्ष पुगेको छ । तर संविधानले दिएको अधिकारहरु संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूले आफूँहरूले पाएको अधिकार समेत प्रयोग गर्न सकेका छैनन् । संविधानले दिएका अधिकारहरु प्रयोग गर्न नसक्नु तिनै तहका सरकारहरुको असक्षमता र अकर्मण्यता नै हो । संविधानले प्रदेश सभालाई आफ्नो प्रदेशको राजधानी र नामाकरणतोक्ने अधिकार दिएको भएपनि पछिल्लो समयमा प्रदेश सरकारले आ आफ्नो स्वार्थ अनुसार केन्द्रीय नेताहरुको

>>> बाँकी ८ पेजमा

सरकारी नियम मन्त्रीबाटै उल्लंघन, प्रधानमन्त्री मौन

ओली सरकार कुशासन र अनियमितताको बाटोतर्फ उन्मुख

काठमाडौ । प्रधानमन्त्री केपी ओलीले आफूँ दोस्रो पटक प्रधानमन्त्री बन्दा 'समृद्ध नेपाल सुखी नेपाली' र भ्रष्टाचार आफूपनि नगर्ने र अरूलाई पनि गर्न नदिने प्रतिवद्धता व्यक्त गर्नुभएको भएपनि सरकारकै मन्त्रीहरु भ्रष्टाचारमा फसेका छन् । सरकारका उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले सञ्चालन गरेका उद्योगहरु पछिल्लो समयमा विवादको घेरामा तानिकएका छन् । दुगडको स्पाइस फुड प्रोडक्टबाट टेबल नुन उत्पादन गरी बजारमा महंगो मूल्यमा विक्रि वितरण गरिँदै आएको छ । एक सय ग्राम नुनको मूल्यमा रू. ३५ तोकिएको छ । जबकि साल्ट टेडिङ्ग कर्पोरेशनले एक किलो नुन रू. २० मा विक्रि वितरण गर्दै आएको छ । आजका मितिसम्म साल्ट टेडिङ्ग बाहेक अन्य कसैले नुनको व्यापा

र गर्न पाएका छैनन् । आयोडिन नुन ल्याएर नेपाल भरमा विक्रि वितरण गर्ने एकमात्र आधिकारीक संस्था साल्ट टेडिङ्ग बाहेक अन्य कसैले नुनको विक्रि वितरण गर्नु अपराधिक कार्य हो । राज्यमन्त्रीको उद्योगले नुनको विक्रि वितरण गर्ने र उत्पादन गर्ने अधिकार नेपालको प्रचलित कानुन बमोजिम कहिँ कतैबाट अनुमति नलिएको हुनाले मन्त्रीबाटै ठगी धन्दा चलाइएको छ । राज्यमन्त्री दुगडले तत्कालिन नेकपा एमालेलाई मोटो रकम दिएर समानुपातिक कोटामा सांसद बन्न सफल भएका र प्रधानमन्त्री एवं पार्टी अध्यक्ष ओलीसँग राम्रो सम्बन्ध भएकै कारण उनी उद्योग वाणिज्य तथा आपूर्ति राज्यमन्त्री बन्न सफल भएका थिए । उनैको मन्त्रालय अर्न्तगत रहेको उपभोक्ता हित संरक्षण विभागले राज्यमन्त्री दुगडको उद्योगलाई कारबाही गर्नु कुनै चासो देखाएको छैन । विभिन्न सञ्चार माध्यममा राज्यमन्त्रीको उद्योगले विनादर्ता र अधिकार नै नपाएको उजुरी वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र खाद्य अनुसन्धान विभागमा उजुरी परेपनि विभागका महानिर्देशकहरु चुपचाप बसेका छन् । राज्यमन्त्री दुगडले नुनको व्यापार गर्न साल्टसँग मौखिक सहमति भएको बताएका भएपनि साल्टले त्यसलाई अस्वीकार गरेको छ । साल्टको ब्राण्डलाई कसैले अनाधिकृत रूपमा प्रयोग गर्न नपाउने कानुनी व्यवस्था रहेको भएपनि सम्बन्धित मन्त्रालयका राज्यमन्त्रीले त्यसको दुरूपयोग गरेको हुँदा प्रधानमन्त्री ओलीको सम्वृद्ध नेपाल र सुखी नेपालीको नारा अनि भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न भन्ने उद्घोषलाई ओली सरकारकै राज्यमन्त्रीले उल्लंघन गर्दा प्रधानमन्त्री ओली किन चुप ?

पछिल्लो समयमा ओली सरकारले कुशासनलाई प्राथमिकतामा राखेको छ । जसको प्रत्यक्ष प्रमाण हो मन्त्रीबाटै ठगी हुनु । एउटा मान्छेले ज्यान मार्दा एउटा मान्छेमात्र मार्दछ तर म्याद सकिएका सामानहरुको विक्रि वितरण र आफूलई हुँदै नभएको अधिकार प्रयोग गरी सामान उत्पादन गरेर विक्रि वितरण गर्न हजारौं उपभोक्ताहरु जोखिममा पर्ने भएकाले सरकारकै नियम उल्लंघन गर्ने राज्यमन्त्री दुगडलाई तत्काल बर्खास्त गरी उनीमाथि कानुनी कारबाही हुनुपर्दछ ।

संविधानलाई कागजको खोस्टा बनाइँदै

काठमाडौ । पछिल्लो समयमा संविधानको उल्लंघन गर्न नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको सरकारमात्र उद्दत छैन लोकतन्त्रले परिकल्पना गरेको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस समेत त्यत्तिकै जिम्मेवार रहेको छ । राजनीतिक दल र सरकारको अनुत्तरदायी राजनीति पनि उत्तिकै रहेको छ । संविधानका छिद्रहरूलाई खोजेर संविधानको ध्वज्जी उडाइने गरेको छ । त्यस्तो प्रत्यक्ष प्रमाण हो निर्वाचनमा पराजित भएका व्यक्तिलाई सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा मनोनित हुने विज्ञहरूको कोटामा राष्ट्रिय सभाको संसद पदमा मनोनित गर्नु । सत्ताधारी दल भित्रको आन्तरिक द्वन्द्वलाई व्यवस्थपन गर्न दलको निर्णयमा पार्टीका नेतालाई विज्ञहरूको कोटामा सांसद बनाउनु र त्यही कार्यकालमै मन्त्री बनाउने प्रयास गर्नु ।

संविधानको धारा ७८ (४) ले किटानीका साथ भनेको छ तत्काल कायम रहेको

>>> बाँकी ८ पेजमा

एकीकृत राप्रपाले मान्यता पायो

काठमाडौ । राप्रपाको एकीकरणलाई निर्वाचन आयोगले बैधानिकता दिएको छ । राप्रपा र राप्रपा संयुक्त अव राप्रपा एक भएको छ । एकीकृत राप्रपाको गाई झण्डा र हलो चुनाव चिन्ह भएको छ । अध्यक्ष कमल थापाले २०७३ सालको अधिवेशनपछि टुक्रिएको राप्रपा आफ्नै कार्यकालमा

>>> बाँकी ८ पेजमा

महानिर्देशक सुवेदीको साँठगाँठले अखाद्य वस्तु छ्यापछ्याप्ती

चाडपर्व नजिकिँदै गर्दा मूल्यवृद्धि आकाशियो

काठमाडौ । नेपालीहरुको महान् चाडपर्व बडादशैं, तिहार, नेपालसम्वत् र छठ पर्व नजिकिँदै छ भने मुलुक कोरोना भाइरसका कारण थिलथिलो बन्न पुगेको छ । यस्तो संकटकालिन अवस्थामा कालाबजारी र विचौलियाहरु आम उपभोक्ता हित विपरितका कार्यमा सक्रिय भएर लागेका छन् । बजारमा अखाद्य पदार्थहरु छ्यापछ्याप्ती विक्रि वितरण भईरहेका छन् भने मूल्यबृद्धिले आकाश छोएको छ । तर उपभोक्ताको अधिकार स्थापित गर्नका लागि गठन भएको सरकारी संस्थाहरु भने निस्क्रिय देखिएका छन् ।

सरकारले उपभोक्ता अधिकार संरक्षणका लागिस्थापना गरेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग, नापतौल विभागलगायत कार्यालयहरु आफ्नो उद्देश्यमा निस्क्रिय देखिएका छन् भने भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । केही समयअघि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक करोडौं भ्रष्टाचार काण्डमा मुछिएका थिए भने त्यसैको सिको गर्दै पछिल्लो समय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदी समेत ठुला-ठुला कालाबजारीहरूबाट कमिसन असुल्न थालेको वाणिज्य वाणिज्य तथा आपूर्ति मन्त्रालयमा यतिबेला चर्चा चल्न थालेको छ ।

लकडाउनका सुरूवाती दिनमा विभागका महानिर्देशक सुवेदीले बजार अनुगमलाई तीव्रता दिएको प्रचारबाजी गरे, सानातिना

>>> बाँकी ८ पेजमा

India: Epicenter of Terrorism in South Asia

M Chaudary

In order to obtain its secret designs, aimed at augmenting Indian hegemony, India which has become the epicenter of terrorism in South Asia is foiling the peace process between Afghanistan and Pakistan, including the entire region by managing terrorist attacks, particularly in Afghanistan and Pakistan to create a rift between Islamabad and Kabul.

Through its military and intelligence agency RAW, India has continued interference as part of hegemonic policies vis-à-vis her neighbouring countries, including those ones with whom India does not share a border.

Besides supporting separatism in East Pakistan which resulted in the dismemberment of Pakistan, New Delhi occupied Sikkim, subdued Bhutan, Burma and Bangladesh—also sponsored terrorism in Pakistan, Sri Lanka, Nepal, Afghanistan and Bangladesh.

During Indian Prime Minister Narendra Modi's rule, India has accelerated meddling in the internal affairs of these countries. And Indian military and RAW have been given free hand to target these states through manipulation of political dissent, ethnic divisions and economic backwardness.

On August 5, last year, New Delhi revoked articles 35A and 370 of the Constitution which gave a special status to the disputed territory of the state of Jammu and Kashmir (J&K). The act split the J&K which includes the Kashmir Valley and the Ladakh area, into two federal territories: Jammu and Kashmir, which will have a state legislature, and Ladakh area, which will be ruled directly from New Delhi.

Thus, Indian fanatic Prime Minister Modi's government led by the extremist ruling party BJP unilaterally annexed the Indian Occupied Kashmir (IOK) to turn the Muslim majority into a minority.

India also issued an infamous map on October 31, 2019 which displayed the bifurcation of the J&K and identifies the Pakistani side of Azad Kashmir as well as certain areas of Gilgit-Baltistan as Indian territory.

Apart from Pakistan, China also rejected the Indian malicious acts as "unlawful and void", saying that India's decision to "include" some of China's territory into its administrative jurisdiction "challenged" Beijing's sovereignty. Despite the latest agreement to resolve the issue through dialogue, the border dispute between New Delhi and Beijing, which remains unsettled, has increased tensions between the two countries.

In fact, Premier Modi and the BJP collusion with other similar outfits like RSS have intensified anti-Kashmir moves. Acting upon the ideology of Hindutva ((Hindu Nationalism), Indian extremist rulers' various other measures such as continued lockdown in the Indian Occupied Kashmir (IOK), issuance of domicile certificates to 400000 non-Kashmiris to bring demographic changes in the Muslim-majority area and intermittent shelling inside Pakistani side of Kashmir in relation to the Line of Control (LoC), which have killed hundreds of innocent villagers show India's anti-Muslim and anti-Pakistan policies.

In this respect, reliable sources as mentioned in Pakistan's media on August 18, 2020 disclosed that Afghanistan-based Tehreek-e-Taliban Pakistan (TTP) has merged with its splinter groups Jamat-ul-Ahrar (JuA) and Hizb-ul-Ahrar (HuA) in Afghanistan. Their sole objective is to restart terrorist activity in Pakistan, while simultaneously sabotaging efforts to restore peace and stability in its war-ravaged Afghanistan.

> Islamabad has long accused Kabul of turning a blind eye toward TTP and other terrorists **who fled to Afghanistan to escape counter-terrorist operations in Pakistan.**

The sources added that Afghanistan's National Directorate of Security and RAW played a key role in their reunification. The agreement, reportedly, designated Mufti Noor Wali as the amir (Chief) of TTP, making him responsible for all planned terrorist activities inside Pakistan and Afghanistan.

Islamabad has long accused Kabul of turning a blind eye toward TTP and other terrorists who fled to Afghanistan to escape counter-terrorist operations in Pakistan.

Pakistan's concerns were also supported in a recent report presented to the United Nations Security Council.

According to the UN report of July 26, 2020, "The banned Tehreek-e-Taliban Pakistan and its splinter group Jamaat-ul-Ahrar (JuA) continue to target Pakistan from their bases in Afghanistan…the leadership of TTP is also operating from Afghanistan, including Noor Wali Mehsud, supported by his deputy, Qari Amjad and TTP spokesperson Mohammad Khorasani, claiming responsibility for various high-profile attacks in Pakistan and has facilitated others by JuA and Lahskhar-e-Islam…the significant presence of ISIL-K (The Islamic State of Iraq and the Levant Khorasan) in Afghanistan", which the UN warns "now pursues a global agenda".

The UN report warns of "a strong presence of ISIL-India in Kerala and Karnataka. ISIL-K considers Afghan territory a base for spreading terrorist influence across the wider region…The investigators found links between Indian nationals and terrorist attacks in Sri-Lanka. According to diplomatic sources, there is now pressure on India to curb the financing from ISIL-India to its affiliates in line with the FTAF recommendations to prevent terrorist financing".

Notably, Pakistan's Foreign Minister Shah Mahmood Qureshi met US special envoy for Afghan Reconciliation Zalmay Khalilzad at Islamabad on July 1, 2020 and warned that "Afghan peace process has entered into a crucial phase and there is a need to be cognizant of the elements that want to sabotage the peace efforts in Afghanistan".

In the meeting, Qureshi reiterated Pakistan's commitment "to continue to play its reconciliatory role in the establishment of peace in Afghanistan with sincerity through collective responsibility.

He said that "Pakistan is ready to cooperate with regional and international stakeholders for an enduring and peaceful political solution to the Afghan issue…the development of the whole region depends on the establishment of peace in Afghanistan…the agreement of all sides on intra-Afghan dialogue and announcement of negotiating teams is a good omen".

Foreign Minister Qureshi repeatedly stated that India "has been continuously trying to destabilize Pakistan to divert attention from its own internal chaos" by elaborating: "India is interfering in the Balochistan province of Pakistan at the same time it is also adversely affecting peace efforts in Afghanistan."

As regards the recently-held intra-Afghan dialogue in Doha-the capital of Qatar, the US has appreciated Islamabad's positive role.

Since Zalmay Khalilzad started his efforts to convince the Taliban to have direct talks with America, he admitted that Pakistan has been playing a key role, as Islamabad succeeded in bringing the Taliban to the negotiating table. Zalmay Khalilzad who, repeatedly, visited Pakistan and met the country's civil and military leadership admired Pakistan's role in the US-Taliban peace dialogue. It was due to Pakistan's major role in Doha that on February 29, this year, the US and the Taliban signed the historical agreement for bringing peace to Afghanistan.

Regrettably, New Delhi is trying to disrupt the US-Taliban peace deal as part of its scheme to destabilise the regional countries in general and Afghanistan and Pakistan in particular.

In the recent past, India's Home Minister Shri Amit Shah threatened of conducting air and surgical strikes inside Pakistani territory.

Reacting to Amit Shah's statement, Foreign Minister Qureshi stated: "Let me make it clear to Amit Shah that if India made the mistake, we will give a befitting response…Amit Shah should tell…Why does India not launch a surgical strike on Laddakh?…India has reached the extreme in committing atrocities in Kashmir…India wants to sabotage the Afghan peace process…New Delhi is threatening Pakistan to divert attention from its internal situation".

Earlier, the DG of ISPR Maj-Gen. Babar Iftikhar said: "Chief of Army Staff General Qamar Javed Bajwa warned India…[saying] We will respond any aggression with full might…India faced great humiliation in the recent military standoff with China…faced embarrassment in map issues with Nepal as well…India is meddling in issues [of countries] where it doesn't even have a border…India is facing many internal challenges especially after the emergence of coronavirus…many issues have emerged in India after the August 5, 2019 move, which revoked the special status of Indian Occupied Jammu and Kashmir…There is an emergence of Islamophobia in India. Now they [India] think the best way is to divert the attention towards Pakistan…The situation on the LoC…1229 ceasefire violations by India have been committed since the start of this year…while their quadcopters have also violated airspace [of Pakistan] on different occasions".

In a news conference on August 13, this year, DG of ISPR said: "We are ready to fight even India may buy 500 Rafale fighter jets. India is involved in terrorism inside Pakistan…India has been taking hegemonic steps and spreading the fire of communal hatred. This along with their military spending has made their expansionist policies quite clear to everyone. Pakistan has been working towards ensuring peace in Afghanistan…Peace in Afghanistan means peace in Pakistan."

Addressing the ceremony of Defence Day at General Headquarters (GHQ), Chief of the Army Staff General Qamar Javed Bajwa said on September 6, this year that the country has responded in a befitting manner when it was attacked owing to a foiled attack in Balakot.

General Qamar Javed Bajwa also warned the nation of the perils of fifth-generation or hybrid warfare saying that its aim is to "discredit the country and the armed forces, and to spread chaos". He vowed that the army would fight against the threat with the support of the nation and be successful against it.

General Bajwa further stated that Pakistan seeks peace in the region, adding that the country's key efforts in Afghanistan were a testament to the fact. He warned that neighbouring India has adopted an "irresponsible attitude… took the "illegal step of ending the special status of occupied Kashmir…India has once again threatened peace in the region…The armed forces of Pakistan are fully equipped, vigilant and aware."

Nonetheless, by ignoring the modern global trends like a renunciation of war, peaceful settlement of disputes and economic development in wake of the spread of coronavirus and its negative economic consequences almost all over the world, even in India, instead of cooperating with the regional countries to promote peace, India's hegemonic designs are destablising the region. So, India has become the epicenter of terrorism in South Asia.

भोको पेटमाथि फूलको वर्षा

• राजन कार्की
rajan2012karki@yahoo.com

यसपालीको संविधान दिवसमा आमनागरिक स्वयमसेवीहरूले बाँडेको खाना खाइरहेका थिए, देशका प्रधानमन्त्री, राष्ट्रपति, प्रशासकहरु सैनिक हेलिकोप्टरबाट फूलवर्ष गराएर रमाइलो गरे । भोको पेटमाथिको शासकहरूको व्यङ्ग हो फूल वर्षा । लोकतन्त्रमा लोकको यति ठूलो अपमान । यो निरंकूश शासनमा मात्र सम्भव छ र नेपालमा लोकतन्त्रको नाममा निरंकूश शासन छ भन्ने प्रमाण पनि हो ।

काम छैन, कोरोनाले अर्थतन्त्र डावाँडोल भएपछि लोक भोकै बस्न बाध्य भएका हुन् । कुनै बिकल्प नभएपछि बाँडेको भात कुर्नेपर्‍यो । सरकार तमासाका लागि अपव्यय गरिरहेको छ, लोक भोकभोकै छन् । लोकतन्त्र छ, लोक लोकजस्ता छैनन्, लोकमाथि राज्यले बिभेद गरेको छ, लोकलाई दासभन्दा तल्लो स्तरमा मर्न बाध्य पारेको छ राज्यले । जहाँ जनतासँग जनताजस्तो व्यवहार गरिदैन, जनतामा स्वास्थ्य, शिक्षा, गाँस, बास, कपासको कुनै बन्दोबस्त हुन्न, त्यो देशमा किन राजा चाहियो, किन रानी चाहियो ?

७७ जिल्ला, ७ प्रदेशमा राजारानीहरु छन् । ७६१ सरकार छ, सबै सरकारमा राजारानीहरु बिराजमान छन् । तिनका आसेपासे साना राजारानी त कति छन् कति ?

कतिले चुनाव हारेका छन्, तिनलाई पनि राजारानी बन्नु छ । कति चुनाव जितेर पनि राजारानी बन्न पाएका छैनन्, तिनलाई पनि राजारानी बन्नुछ । सत्तारूढ दलका सप्पै कार्यकर्ता राजारानी । कोही टोले राजारानी, कोही झोले राजारानी । कोही सिंहदरवारका, कोही शितल निवासका राजारानी । गणतन्त्र नेपाल भनेको त राजारानीहरुको घरवार, दरवार पो बन्यो ।

०५८ साल अघि दरवारलाई ८ करोड वार्षिक बजेट दिइन्थ्यो, शेरबहादुर देउवा प्रधानमन्त्री भएका बेलामा ५८ करोड चाहिन्छ भनेर छुट्याइदिए । अहिले त ३० अर्वभन्दा बढी खर्च गरेर ल्याएको संविधानले पनि धान्न छाड्यो । छ्यासछ्यास्ती राजा, कति रानी । टोलदेखि सिंहदरवार, शितल निवास, गाउँ-नगर-राष्ट्रियसभा, प्रतिनिधिसभा जतातै राजैराजा, रानी रानी । तिनका परिवार, पार्टी परिवार, यिनलाई पाल्न मात्रै अर्वबाट खर्बको खर्च लाग्ने भइसक्यो ।

स्वयंसेवीले कहिले भात बाँड्लान र खाउँला भनेर देशका चउर चउरमा गरीवहरु लाइन लागिरहेका देखिन्छन् । एउटा पीसीआर गर्न अघिल्लोदिनदेखिनै सडकमा सुतेर लाइन लाग्नेहरु भेटिन्छन् । चउरमा बाँडेको भात खान पाइन्छ कि भनेर आश गरेर बस्नेहरु सबै यी राजारानीकाजस्तै हाड-मासुले बनेका मान्छे हुन् । यी नागरिक कम, दास बढी लाग्छन् । तर विभेद कति ठूलो छ । एकथरि प्रभावशालीहरु लुटिरहेका छन्, काजु खाएर च्याल काढिरहेका छन्, अर्काथरि धेरै दीनहीनहरु बाँडेको भात पर्खिरहेका छन् । दुःखीहरु, गरीवहरु अस्पतालमा उपचार पाइरहेका छैनन् । नाना, खाना, छाना, शिक्षा, कता हो कता ? कोही पहिरोले थिचिएका छन्, कोही बाढीले बगाएका छन्, बाँचेका देश विदेशमा भोकले रोइरहेका छन् ।

रोएर बाँच्ने निरीह, बेसहाराको लागि सरकार हुनुपर्ने हो, न्यायालय हुनुपर्ने हो, सरकार कहाँ छ ? न्यायालय कहाँ छ ? सुकिलो मुकिलो सरकार, न्यायालय, नेता, प्रशासकहरु नाङ्गै छन् जस्तो लाग्छ । यति अस्लिलहरु संविधानका रक्षक, लोकतन्त्रका सञ्चालक, मानवाधिकारका संरक्षक हुँदा रहेछन् ? नेपालमा यो सब देखियो ।

यिनलाई न यो लोकको चिन्ता छ, न परलोकको डर छ । आमलोक यिनीहरुप्रति दया गरिरहेका छन्, घृणा गरिरहेका छन् । यिनीहरु कसैलाई लज्जाबोध छैन । लज्जा त्यागेपछि केही बाँकी रहन्न भनेको यही रहेछ ।

संविधानविद भीमार्जुन आचार्य सोध्छन्- पहिलोपल्ट राज्यको ढुकुटी घाटामा गयो । कहाँ गयो त्यो धन ? सदुपयोग भएको भए कहाँ भयो ? म नागरिक हुँ प्रश्न गर्न हक छ मलाई- आफ्नो सुख सुविधा, खानपान केही पनि कटौति गर्न टसमस गर्न नहुने ? लोक मरिरहेका छन्, यिनमा अलिकति पनि नैतिकता बाँकी रहेन ।

ठूलासाना पत्रपत्रिकाहरुमा समाचार आइरहेका छन्- सुत्केरीले पेटभरि भात खान नपाएर आत्महत्या गरिन् । बच्चा च्यापेकी महिलाहरु पेटभरि भात खान पाए हुन्थ्यो भनेर पिलपिलाइरहेका देखिन्छन् । व्यापारी छटपटाएका छन्, उद्यमी असिन पसिन भएका छन्, हरेक दिन २० जनाभन्दा बढी आत्महत्या गर्छन् भनेर सरकारको प्रहरी भन्छ । कहाँ छ लोकसरकार ? यस्तो पनि समाजवाद हुन्छ ? सर्वहारावाद हुन्छ ?

बाढीपहिरो, कोरोना महामारीले समाज थिलथिलो बनेको छ । मान्छेमात्र होइन, मान्छेभित्रको मानवता मरिरहेको छ । तर सरकार, संसद सबै व्यक्ति स्वार्थ, भ्रष्टाचारमा लिप्त छन् । को मर्ने, को बाँच्ने भन्ने जोखिममा आइसक्दा पनि गरीव मुलुकका राजारानीहरु आफ्नै सुखसयलमा चिन्तित छन्, भोकभोकै परेका लोकको चिन्तामा छैनन् । सभ्य समाज, लोककल्याणकारी सरकारका लागि योभन्दा ठूलो कलंक अरू के हुनसक्छ ? अतिमात्र होइन, अतिसार भयो । यसकारण मुलुकले विकल्प खोज्नुपर्छ अब ।

देश महाअप्ठेरोमा छ, देशवासी महाकष्टमा छन् । ख्याल गर्नुपर्ने जिम्मेवार जो छन्, ती सत्ता, सम्पत्ति र स्वार्थको बन्दी बनेका छन् । जति पनि दलहरु छन्, सत्ताप्रतिपक्षीहरु छन्, सबै आन्तरिक गोलचक्करको बिबादमा फसेका छन् । सर्पल सर्पको खुट्टा देख्छ भनेझैं, एकदोस्राप्रति आरोप प्रत्यारोप र अविश्वासका झटारा हान्नमै व्यस्त देखिन्छन् ।

देशको नेता भनेको प्रधानमन्त्री हो । प्रधानमन्त्री भन्छन्- सबैले सुती सुती खान पाउँछन्, कसैले हातमुख जोर्नका लागि मुस्किल पर्नेछैन । प्रधानमन्त्रीको यस कथनको कुनै जनतालाई रत्तीभर पनि विश्वास छैन । किनकि जनता रोगले, अन्याय र भोकले मरिरहेका छन् ।

कोरोना महामारी समाजमा फैलिसक्यो । झण्डै साँढे ५ सय जनताको ज्यान हरण गरिसक्यो । समुद्रतटमा आएको सुनामीजस्तो भइसक्यो नेपालमा कोरोनाको महामारी । कोरोना गाउँदेखि राजधानीलाई सुरसाको मुख बायर निल्न खोज्दैछ । यस्तो अवस्थामा पनि सत्तारूढ र प्रतिपक्षीहरु राज्यसञ्जालमा भागबण्डा र राज्यस्रोतमा भागशान्ति भ्रष्टाचारमा अभ्यस्त देखिनु लोकतन्त्र देशकै लागि दुर्भाग्य बनिरहेको छ ।

सरकार कुम्भकर्णे निन्द्रामा निदाउन सक्दैन । न प्रतिपक्ष सरकारको समर्थक भएर चुपचाप बस्न सक्छ । ससाना लोभमा फसेर सरकार र प्रतिपक्षीहरुमात्र होइन, देशका विद्वानहरुसमेत मौन रहेका छन् । देशमा डढेलो लागेपछि कोही बच्दैन, आगोको कोही नातेदार वा कार्यकर्ता हुनसक्दैन भन्ने सत्य र मानवधर्म मरेर गइरहेको देखिन्छ ।

यस्तो अन्धेरनगरीको अवस्थालाई चिर्न चिच्याउनु पर्ने दायित्व नागरिक समाजको पनि हो । नागरिक समाज पनि पार्टी पार्टीमा बाँडिएर मौनता साधिरहेका छन् । यो मौनता कति महगो छ, कति अमानवीय साबित भइरहेको छ, कसले बताइदिने ? अवस्था जवाफदेहीबिहीनता, गतिहीनता, दायित्वबिहीनताको डरलाग्दो संकेत पनि

>>> बाँकी ६ पेजमा

> सरकार तमासाका लागि अपव्यय गरिरहेको छ, लोक भोकभोकै छन् । लोकतन्त्र छ, लोक लोकजस्ता छैनन्, लोकमाथि राज्यले बिभेद गरेको छ, लोकलाई दासभन्दा तल्लो स्तरमा मर्न बाध्य पारेको छ राज्यले । जहाँ जनतासँग जनताजस्तो व्यवहार गरिदैन, जनतामा स्वास्थ्य, शिक्षा, गाँस, बास, कपासको कुनै बन्दोबस्त हुन्न, त्यो देशमा किन राजा चाहियो, किन रानी चाहियो ?

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

भागवण्डामै पदहरू खरिद बिक्री हुने

२०४६ सालमा मुलुकमा राजनीतिक परिवर्तन भयो । बहुदलीय व्यवस्थाको स्थापनापछि मुलुकमा तीव्र विकास हुने र सबै नेपाली जनताका समस्याहरू समाधान हुने विश्वास गरिएको भएपनि अहिले मलुक ठीक त्यसको विपरितको बाटोमा हिँडेको छ । राजनीतिक परिवर्तनपछि सत्ताको बागडोर दलहरूमा गएको छ । राजनीतिक दलहरूको अकर्मण्यता र नालायकीपनले गर्दा जनताले अनाहकमा दुःख कष्ट सहनु परेको छ । २०६२/६३ मा भएको आन्दोलनले गर्दा छिमेकी मुलुक र दलहरूको स्वार्थ अनि छिमेकी मुलुकहरूको दबावमा सम्वैधानिक राजतन्त्रलाई जनताको अभिमत बेगरै फालियो । नेपालमा राजतन्त्र रहिन्जेल आफूहरूले प्रभाव पार्न नसक्ने भएकाले राजनीतिक दलहरू त्यसमा पनि कांग्रेस र कम्युनिष्ट दललाई साथमा लिएर राजतन्त्रको अन्त्य गरिएपछि मुलुक अहिले अभिभावकविहित अवस्थामा पुगेको छ । मुलुकमा रहेका सम्वैधानिक निकायहरू समेत दलगत स्वार्थले डुबेका छन् । मुलुकमा दुई ठुला दलहरू नेपाल कम्युनिष्ट पार्टी र संघीय संसदको प्रमुख प्रतिपक्षी दलको स्वार्थले गर्दा मुलुक अनिर्णयको बन्दी बन्दै गएको छ ।

दुई राजनीतिक दलहरूको स्वार्थ मिलेको खण्डमा मुलुकमा जे पनि हुन सक्ने भएको छ । सम्वैधानिक निकायहरूका पदाधिकारीहरूलाई खरिद बिक्रि गरी रहेका छन् । भागवण्डाका आधारमा सम्वैधानिक निकायहरूमा पदाधिकारीहरूको नियुक्ति हुने गरेका हुनाले त्यस्ता पदाधिकारीहरूमा राम्रो नतिजाको कामको आशा गर्नु नै गलत हुनेछ । सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टीभित्रको आन्तरिक द्वन्द्वले गर्दा उक्त पार्टीभित्रको गुट उपगुटहरूको व्यवस्थापन गर्न सत्ताधारी दलभित्रै पनि प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपी ओली, अर्का अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता माधव नेपालबीच पनि भागवण्डा हुने गरेको छ । सत्ताधारी दलभित्रका यी तिनै गुटले अर्को गुटलाई स्वीकार गर्न सक्ने अवस्था नदेखिएको र मन्त्रिपरिषद्को हेरफेरमा समेत एकातिर गुटगत स्वार्थले काम गरिरहेको छ भने अर्कोतिर पूर्व नेकपा एमाले र पूर्व माओवादी भनेरै भागवण्डा लगाइने गरेको हुनाले अहिले पनि राजनीतिक दलहरू गुटगत स्वार्थमा सञ्चालन भईरहेका हुनाले ती दलहरूले जनताका समस्याका बारेमा कुनै काम गर्न सकिरहेका छैनन् भने सरकारले समेत जनताको भावनानुसार काम गर्न सकेको छैन । त्यही कारण राजनीतिक दलहरू र सरकारप्रति दिन प्रतिदिन जनतामा वितृष्णा फैलिँदै गएको छ ।

राजनीतिक दलहरूले राजनीतिक परिर्तनका बेला जनतालाई आकाश नै खसालीदिने जस्ता ठुला ठुला आश्वासनहरू बाँडेका थिए । त्यही कारणजनताले उनीहरूलाई साथ दिएका थिए । तर राजनीतिक परिवर्तन भएको ३० वर्ष पुगिसकेको भएपनि जनताको जीवनस्तरमा कुनै परिवर्तन आउन सकेको छैन । आफ्नो देशमा रोजगारी नपाएका हुनाले लाखौं लाख नेपाली युवा युवतीहरू बैदेशिक रोजगारमा जान बाध्य भएका छन् । विदेशमा गएका युवा युवतीहरूले कमाएर पठाएको पैसाले सरकार सञ्चालनदेखि अन्य क्षेत्रमा समेत ठुलो सहयोग गरिरहेको भएपनि पछिल्लो समयमा उत्तरी छिमेकी मुलुक चीनबाट फैलिएको कोरोना भाइरसका कारण विश्वका प्राय सबै देशरु आक्रान्त भएका छन् । अहिले विदेशमा रहेका लाखौं लाख नेपाली जनता संकटमा परेका बेला उनीहरूलाई स्वदेश ल्याउन पनि सरकारको नाममा अदालतले आदेश दिनुपर्ने विडम्बना पूर्ण अवस्था देखिएको छ । कोरोना भाइरसले नेपालमा समेत नराम्रो असर पारिरहेको छ । अहिले उक्त भाइरसका कारण संक्रमित हुनेहरूको संख्या झण्डै एक लाखको हाराहारीमा पुगिसकेको छ भने निधन हुनेहरूको संख्या समेत झण्डै ६ सयको हाराहारीमा पुगेको छ । पछिल्लो समयमा संक्रमित हुनेहरूको संख्या बढिरहेको छ भने निधन हुनेहरूको संख्यामा समेत बृद्धि भएको भएपनि त्यसलाई नियन्त्रण र रोकथाम गर्न सरकार असफल साबित हुँदै गएको छ । मुलुक यस्तो संकटपूर्ण अवस्थामा पुग्दा समेत सत्ताधारी दल भने सत्ता संघर्षकै कारण आन्तरिक द्वन्द्वमा फस्दै गएको हुनाले केपी ओली नेतृत्वको सरकारलेजनताको पक्षमा कुनै महत्वपूर्ण कार्य गर्न सकिरहेको छैन ।

ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी पनि भागवण्डाकै आधारमा सञ्चालन हुँदै आएकाले पार्टीभित्रको आन्तरिक द्वन्द्वलाई व्यवस्थापन गर्न सामान्य नियुक्ति देखि सम्वैधानिक निकाय र राजदूतहरूमा समेत भागवण्डाकै आधारमा नियुक्ति गर्न थालेको छ । आ आफ्नो भागमा परेका पदहरूको खरिद बिक्रि समेत बढाबढका आधारमा हुन थालेका हुनाले राम्रा भन्दा हाम्रा र पैसावालालाई पद बिक्रि गर्ने र पैसावालाले खरिद गर्ने प्रचलन बसालिएका हुनाले राम्रा होइन हाम्रा भन्ने सिद्धान्तले गर्दा सम्वैधानिक निकायदेखि प्रत्येक क्षेत्रमा त्यसको प्रत्यक्ष असर परेको छ ।

संघीय संसद र ७ वटा प्रदेशसभा मध्येका ६ वटा प्रदेशसभामा संघीय संसदमा झण्डै दुई तिहाई रहेको सत्ताधारी दल नेपाल कम्युनिष्ट पार्टी कै बहुमतको सरकार रहेको छ । तत्कालिन नेकपा एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर गठन भएको नेपाल कम्युनिष्ट पार्टीले भावनात्मक एकता लिन नसकेको हुनाले अहिलेसम्म मन्त्रिपरिषद् र अन्य नियुक्ति सरुवा बढुवामा समेत पूर्व एमाले र पूर्व माओवादी भनि भागवण्डा लगाइने गरिएको छ । पार्टीका दुई अध्यक्ष मध्येका एक प्रधानमन्त्री सहित अध्यक्ष रहेका छन् भने अर्का अध्यक्ष कार्यकारी अध्यक्ष रहेका छन् ।तत्कालिन नेकपा एमाले भित्र पनि त्यसैबेला विभिन्न गुट उपगुटहरू सञ्चालनमा रहेका र पूर्व एमालेका वरिष्ठ नेताहरूले सञ्चालन गरेका गुटहरूलाई अहिले पनि सञ्चालन गरी गुटगत स्वार्थ पुरा गर्ने प्रयास गरिएको हुनाले जनताको विश्वासमाथि घात गरिएको छ । नेकपाका दुवै अध्यक्षले एकले अर्कोलाई विश्वास गर्न नसकेको अवस्थामा दुवै अध्यक्षहरूलाई पार्टीका अन्य नेताहरूले आ आफ्नो स्वार्थनुसार अघि बढ्न दबाब दिईरहेका र अध्यक्षहरू लोभ लालचाबाट मुक्त हुन नसकेको र गुटगत स्वार्थलाई ध्यानमा राखेर राष्ट्रको स्वार्थमा अघि बढ्न नसकेको हुनाले राजनीतिक दलहरू समेत जनताको लागि घाँडो साबित भएको हामीले ठानेका छौं ।

लोकतन्त्रको खम्बा जनता हुन्, उनीहरूलाई निरास नबनाऔं



• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

पछिल्लो समयमा कोरोना भाइरस (कोभिड-१९) बाट मुलुक आक्रान्त भएको छ । कोरोनाकै कारण हजारौं व्यक्तिहरु संक्रमित भएका छन् भने धेरै व्यक्तिले ज्यान गुमाई सकेको अवस्थ रहेको छ । मुलुकमा राजनीतिक दलहरु छन् सरकार छ । संघीय संसदमा झण्डै दुई तिहाई नजिकको नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको केपीओली नेतृत्वको सरकार रहेको छ । इतिहासकै शक्तिशाली सरकार रहेको भएपनि जनताले सरकार भएको अनुभूति सम्मगर्न सकेका छैनन् । सबै राजनीतिक दलहरुका गतिविधि शुन्य रहेका छन् । ओली नेतृत्वको सरकार सिंहदरबार र बालुवाटार मै सिमित भएको छ । सत्ताधारी दलभित्रको आन्तरिक द्वन्द्वले गर्दा सरकारले जनताले अनुभूति पाउने गरी काम गर्न सकेको छैन । संविधानले तिनै तह संघीय सरकार, प्रदेश सरकार र स्थनीय तहलाई अधिकार बाँडफाँड गरिदिएको भएपनि प्रदेश सरकारहरु भने संघीय सरकारको र आ आफ्नो पार्टीको नेतृत्वको छायाँ परेको हुनाले उनीहरूले कुनै निर्णय गर्न सकेका छैनन् । संविधानले दिएको अधिकार समेत प्रदेश सभा र प्रदेश सरकारले प्रयोग नगरी केन्द्रीय नेतृत्वलाई नै त्यो अधिकार प्रयोग गर्न दिन थालेका छन् । सत्ताधारी दल भित्रको गुटगत राजनीतिले गर्दा कहिले बालुवाटार त कहिले खुमलटार अनि कहिले कोटेश्वरमा विभिन्न प्रकारका गुटगत भेला गराएर आ आफ्नो स्वार्थ पूरा गर्ने गरिएको भएपनि जनताका स्वार्थका लागि भने दल र सरकारले उपलब्धीमूलक कार्य गर्न सकेका छैनन् ।

२०४६ सालमा राजनीतिक परिवर्तन भयो । त्यसबेला राजनीतिक दलहरूले सम्वैधानिक राजतन्त्र र बहुदलीय व्यवस्थालाई स्वीकार गरेका थिए । सबै अधिकार सिंहदरबार र बालुवाटारमा पुगेपछि जनताले ठुलो आशा एवं विश्वास गरेर राजनीतिक दलहरूलाई मत दिए । तर सबै अधिकार आफ्नो हातमा आएपछि नेपाली कांग्रेस र नेकपा एमालेले अन्य राजनीतिक दलहरूलाई स्वीकार गर्न सकेन अर्थात बहुदलीय व्यवस्थाको पुर्नस्थापना आफूहरूले गरेको र आफूहरूले मात्र त्यसको फल खानुपर्दछ भन्ने घमण्डमा उनीहरु रमाउन थालेका हुनाले बहुदलीय संविधान जारी भै लागु भएको ५ वर्ष मै तत्कालिन जनमोर्चा विगतको माओवादीले शसस्त्र आन्दोलनमा गयो । माओवादीले २०५१ सालबाट सुरु गरेको शसस्त्र आन्दोलनले गर्दा हजारौं हजार व्यक्तिको ज्यान गयो । लाखौं व्यक्तिहरु पिडित भए । आफ्नै देशभित्र नेपाली नागरिकले आन्तरिक शरणार्थीका रूपमा जीवन विताउन बाध्य पारिए । हजारौं व्यक्तिको हत्या गरियो । माओवादीको शसस्त्र आन्दोलनले गर्दा मुलुकको अर्थतन्त्र डामाडोल हुने अवस्थामा पुग्यो । तत्कालिन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल भारतमा भारतीय सुरक्षाकर्मीको सुरक्षा भित्र बसेर नेपाली जनतामाथि आक्रामण गर्न आफ्ना कार्यकर्ताहरूलाई आदेश दिई दिन्थे । ठीक त्यही बेला भारतले नेपालबाट राजतन्त्रको उन्मूलन गरेर आफ्नो स्वार्थ पुरा गर्ने मनसाय राखेर माओवादीलाई प्रयोग गऱ्यो । त्यसैको फलस्वरूप भारतकै सहयोग र समर्थनमा २०६२/६३ मा अर्को सहमति भयो । त्यो सहमतिले गर्दा नेपालबाट राजतन्त्रको अन्त्य गरियो । २०६२/६३ को आन्दोलामा माग नभएको विषयलाई समेत अन्तरिम संविधानमा घुसाएर राजतन्त्रको अन्त्य, धर्म निरपेक्ष र मुलुकलाई संघीयतामा लैजाने निर्णय गरियो । अहिले यी तिनै विषयहरूकै कारण मुलुक संकटमा परेको छ । छिमेकीहरूको स्वार्थपूर्तिका लागि मुलुकलाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो । विश्वव्यापी सिद्धान्त अनुसार बहुमतको इच्छानुसार संविधान निर्माण र राज्य सञ्चालन हुनुपर्ने सिद्धान्तलाई उल्लंघन गर्दै नेपालमा बसोबास गर्ने झण्डै ९३ प्रतिशत भन्दा बढी जनताको भावनालाई कुल्चिएर नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरियो । मुलुकको एकताको प्रतिक रहेको राजसंस्थालाई जनताको मत बेगरै केही व्यक्तिहरूको स्वार्थका लागि हटाइयो । त्यसैगरी नेपाल जस्तो कठिन भुपरिवेष्ठित र भौगोलिक अवस्था रहेको देशलाई संघीयतामा लगियो । संघीयता भनेको आफैंमा महंगो व्यवस्था हो । फेरी विभिन्न टुक्रामा विभाजित भएका स साना राज्यहरूलाई मिलाएर एकै ठाउँमा राख्नका लागि संघीयताको आवश्यकता पर्दछ । त्यो विश्वव्यापी सिद्धान्त हो तर त्यसलाई पनि उल्लंघन गर्दै दलहरूले आ आफ्नो पार्टीका नेता तथा कार्यकर्ताहरूको व्यवस्थापन गर्नका लागि संघीयताको मर्म विपरित मुलुकमा जबरजस्ती रूपमा संघीयता लागु गरिएको छ । त्यसैको परिणाम अहिले देखिँदै आएको छ । नेपाल जस्तो सानो र कमजोर अर्थव्यवस्था भएको मुलुकको लागि अहिले संघीयता नै घाँडो साबित भएको छ । प्रदेशका नाम र प्रदेशको राजधानीका विषयमा जनतालाई विभाजित गरिएको छ । केही व्यक्तिहरूको स्वार्थ पूर्तिका लागि र सँधै नेता भईरहने चाहनाले गर्दा संघीयतालाई कमाई खाने भाँडोको रूपमा प्रयोग गरिएको छ । करिब ३ करोड जनसंख्या भएको मुलुकमा ७ वटा प्रदेश बनाइएको छ, ७५३ वटा स्थानीय तह बनाइएको छ । त्यसपछि संघीय सरकार रहेको छ । संघीयताको धर्म र मर्म विपरित संघीय सरकारले तल्लो तह, प्रदेश सभा र स्थानीय तहलाई आफ्नो प्रभावमा राख्ने प्रयास गरिरहेको हुनाले संघीयता मात्र होइन नेपालको संविधान नै अहिले संकटमा पर्दै गएको छ । हिजो एउटा राजा रहेका थिए भने अहिले ७६१ वटा राजा रहेका छन् । त्यसमा सत्ताधारी दलका अध्यक्ष र प्रमुख प्रतिपक्षी दलका सभापति पनि राजाकै हैसियतमा आफूँहरु रहेको आभाष जनतालाई दिईरहेका हुनाले संविधान संकटमा परेको छ । प्रदेश सभालाई आफ्नो प्रदेशको नाम र राजधानी दुई तिहाई बहुमतको आधारमा तोक्न सक्ने संविधानले व्यवस्था गरेको भएपनि प्रदेशसभा सभामुख र प्रदेश सरकारका मुख्यमन्त्रीले त्यो अधिकार प्रयोग गर्न नसकेर पार्टीका अध्यक्षहरूलाई नै त्यो अधिकार दिएका हुनाले संघीयता र संविधान केबल देखाउने दाँत मात्र भएका छन् ।

यी सबै कारणहरूले गर्दा र जनतालाई एकताको सूत्रमा बाँध्न पनि संविधान संशोधन गरेर संघीय सरकार र स्थानीय तहमात्र गरी दुई तहको सरकारमात्र बनाउनु उपयुक्त हुनेछ । सिंहदरबारको अधिकार गाउँ गाउँ र टोल टोलमा पुऱ्यायौं भन्ने राजनीतिक दलहरूले सिंहदरबारको भ्रष्टाचार गाउँ गाउँ र टोल टोलमा पुऱ्याएका छन् । भ्रष्टाचार नियन्त्रण र रोकथाम गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई सत्ताधारी दलहरूले आफ्नो विपक्षीलाई तह लगाउने हतियारको रूपमा प्रयोग गरिरहेका छन् । ठुला ठुला भ्रष्टाचारका नाइकेहरूले अख्तियारबाटै क्लिन चीट पाउँदै गएका छन् यसरी भ्रष्टाचारलाई संस्थागत रूपमै तल्लो तहसम्म पुऱ्याइएको छ । हजार दुई हजार घुस खाने खरिदार र सुब्बासम्मका व्यक्तिहरूलाई पक्राउ गरी हिरासतमै राखेर कुटपिट समेत गर्न थालिएको छ । केही समय पहिला मालपोत कार्यालयका खरिद रामहरि सुवेदीले एक हजार घुस लिएको आरोपमा अख्तियारले पक्राउ गऱ्यो । ४१ दिनसम्म हिरासतमा राखेर उनीमाथि विशेष अदालतमा मुद्दा दर्ता गरियो, अदालतले उनलाई सफाई दियो तर सुवेदीले भ्रष्टाचारको आरोप खप्न नसकि आत्महत्या गरे । सुवेदीले आत्महत्या गरेपछि त्यसको जिम्मेवारी अख्तियार नेतृत्वले किन लिनु नपर्ने ?

पछिल्ला समयमा कोरोना भाइरस सत्ताधारी र उसका समर्थकहरूलाई कमाई खाने भाँडो र मनपरी गर्ने लाइसेन्स भएको छ । कोरोनानलाई देखाएर राजनीतिक दलहरूका गतिविधि ठप्प भएका छन् । जनताका समस्याको समाधान गर्ने थलोको रूपमा स्थापना गरिएको संसद बन्द भएको छ । पार्टीहरूका बैठकहरु बन्द भएका छन् । पार्टीका केही नेताहरु कोठे बैठक बसेर निर्णयहरु गर्दै त्यस्ता निर्णयहरु स्वीकार गर्न नेता तथा कार्यकर्ताहरूलाई बाध्य पारिएका छन् । जनताका समस्या समाधान गर्ने प्रयाससम्म न त सरकारले गरेको छ न त दलहरूले नै । राजनीतिक दलका काम कारबाही राष्ट्रको कोषबाट गर्न थालिएको छ । महत्वपूर्ण नियुक्तिहरूसमेत रोकिएका छैनन् । भागवण्डाका आधारमा नियुक्ति गरिने भएकाले सबै प्रकारका नियुक्तिहरूमा राम्रालाई भन्दा हाम्रालाई प्राथमिकतामा राखेर खरिद विक्रि गरिएको छ । यसरी राज्य सत्ताको दुरूपयोग गरी राजनीतिक नियुक्ति गरिनु र पार्टीको बैठकसभा, सम्मेलनहरूमा समेत राज्यकोषबाट खर्च गरिनु संविधान ऐन कानुन र जनतामाथि कै घात हो । कोरोनालाई देखाएर जनताका समस्याहरु सम्बोधन हुन नसकिरहेका बताइएता पनि जनताका समस्या बाहेकका सबै प्रकारका काम कारबाही सञ्चालन हुँदै आएका हुनाले सरकार एक प्रकारले अधिनायकवाद उन्मुख हुँदै गएको प्रमाणित भएको छ । यस्तो गलत प्रवृत्तिले गर्दा लोकतन्त्रकै उपहास भएको छ । सत्ताधारी दल र संघीय संसदको प्रमुख प्रतिपक्षी दल राजनीतिक नियुक्तिमा एकै ठाउँमा उभिएर भागवण्डाका आधारमा पदहरु बाँडफाँड गरिरहेका छन् के लोकतान्त्रिक चरित्र भनेको यहि हो त ?

सत्ताधारी दलभित्रको आन्तरिक द्वन्द्व मिल्यो अब हामी एक भयौं भनेर कुर्लिने नेताहरु नै अहिले समस्या जहाँको त्यही रहेको छ भन्न थालिसकेका छन् । पार्टीका दुई अध्यक्ष मिल्दा सबै मिल्ने तर दुई अध्यक्ष नमिल्दा नमिल्ने यो कस्तो लोकतान्त्रिक अध्यास हो ? के नेपाल कम्युनिष्ट पार्टी भनेको केपीओली र पुष्पकमल दाहालमात्र हुन् कि अरू पनि छन् त ? कुनै बेला गिरिजाप्रसाद कोइराला भनेका नेपाली कांग्रेस र नेपाली कांग्रेस भनेको गिरिजाप्रसाद कोइराला भनिन्थ्यो । अहिले कम्युनिष्ट पार्टीमा पनि केपीओली र पुष्पकमल दाहालले त्यसैगरी आफूहरूलाई चिनाउने रणनीतिमा लागेका हुनाले सबैभन्दा ठुलो पार्टी भएको नेपाल कम्युनिष्ट पार्टी समेत संकटको भुमरीमा फस्दै गएको छ । सत्ताधारी दलका दुवै अध्यक्षहरु आ आफ्नो निहित स्वार्थ त्याग्न तयार नभएसम्म न त सरकारले नै राम्रो काम गर्न सक्छ न त पार्टी नै राम्ररी सञ्चालन हुन सक्छ । गएको प्रतिनिधिसभा, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा नेकपाले जनतालाई ठुला ठुला आश्वासनका पोकाहरु बाँडेको थियो । त्यही आश्वासनका कारण जनताले नेकपालाई बहुमत दिएका थिए तर अहिले आएर त्यही बहुमत बोकाको मुखमा कुम्भिन्डो जस्तो नेकपालाई भएको छ । निर्वाचनका बेला नेकपाका नेताहरूले आ आफ्नो निर्वाचन क्षेत्रमा प्रदेशको राजधानी बनाउने प्रतिवद्धता जनतासामू गरेका थिए, त्यही कारण अहिले प्रदेश नं. ५ को राजधानीको विषयमा सत्ताधारी र प्रमुख विपक्षी दलबीच अविश्वास बढेको हो । नेकपाका महासचिव विष्णु पौडेलले निर्वाचनमा बेला रूपन्देहीलाई नै प्रदेशको राजधानी बनाउने प्रतिवद्धता जनाएका थिए भने प्रदेश नं. ५ का मुख्यमन्त्री शंकर पोखरेलले आफ्नै जिल्ला दाङ्गलाई राजधानी बनाउने प्रतिवद्धता जनाएका हुनाले प्रदेशसभाबाट दाङ्गको भालुवाङलाई राजधानी बनाउने प्रस्ताव पारित भएको छ ।नेकपाका महासचिव पौडेल लगायत रूपन्देहीका प्रदेश सांसद असन्तुष्ट रहेका छन् । तर पार्टीका दुवै अध्यक्षले पोखरेललाई साथ दिएका हुनाले पौडेल पार्टीभित्रै एक्लिएका छन् । अर्थात अब पौडेललाई मन्त्री बनाएर शान्त पार्ने प्रयास गरिने पक्कापक्कीभएको छ ।

लोकतन्त्रमा शासक बलियो हुने खेलले लोकतन्त्रलाई नै कमजोर पार्दछ । शासक बलियो होइन जनता बलियो भएको खण्डमा मात्र लोकतन्त्रको भविष्य सुरक्षित हुन सक्छ । त्यसैले कमजोर शासक र बलिया जनता नै लोकतन्त्रको बलियो खम्बा हुन् । जनता शक्तिको स्रोत हुन् भने शासक वर्गले नबुझेको खण्डमा र आफूहरूले गर्ने गरेका सबै निर्णयहरु जनताले स्वीकार गरिदिनुपर्दछ भन्ने मान्यताबाट शासकहरु माथि उठ्न नसकेको खण्डमा लोकतन्त्रको भविष्य नै अन्धकारमा पर्न सक्छ । त्यसैले जनतालाई बलियो बनाऔं, जनतालाई निरास बनाएर पार्टीगत र व्यक्तिगत स्वार्थमा लागेर जनतालाई वेवास्ता गरिने अहिलेको परिपार्टीलाई जनताको चाहनानुसार तत्काल सच्चाउनु आवश्यक छ । लोकतन्त्रको खम्बा भनेको जनता नै हुन् । पार्टीहरु नेता होइनन् ।

हिंसा, सत्याग्रह र स्विकार्ने संस्कृति

अर्जुननरसिंह केसी

कर्णालीको जुम्लाबाट गत भदौ २९ गते डा. गोविन्द केसीले आफ्नो पछिल्लो १९औँ सत्याग्रह सुरू गर्दा यता राजधानीमा सरकारका शीर्षस्थ नेताहरु भागबन्डा र मन्त्रालय फुटाएर विभाग र महाशाखाले गर्दै आएका काम तीनवटा नयाँ मन्त्रालयले गर्ने गरी मन्त्रालयको संख्या २४ पुऱ्याउने तरखरमा लागेका थिए । चिकित्सा शिक्षा र उपचार सेवा दूरदराज, गाउँ एवं सुविधाविहीन इलाकामा पनि पुऱ्याउनुपर्छ र गरिब तथा जेहेनदार विद्यार्थीका लागि पनि चिकित्सा शिक्षा सहज तथा सुलभ बनाइनुपर्छ भन्ने प्रमुख मागका साथ डा. केसीले चलाएको सबैजसो सत्याग्रहमा सरकारले आधिकारिक तथा लिखित रूपमा सहमति जनाउँदै आएको छ । तर, माग कार्यान्वयन गर्ने प्रश्नमा सरकार लाचार र उदासीन मात्र होइन, निरंकुश र निर्मम देखिएको छ । सत्तारूढ पार्टीभित्र चर्किरहेको सत्तालिप्साको सिद्धान्तहीन भगडा थामथुम पार्न कोरोना महामारीबाट पिल्सिएका तथा प्राकृतिक प्रकोपबाट पीडित जनता र आर्थिक संकटको गम्भीर अवस्थामा अपव्यय नियन्त्रण तथा मितव्ययिता अपनाउनुको विपरीत भ्रष्टाचार कान्डैकान्डमा डुब्दै सरकार नेता व्यवस्थापनका लागि अनावश्यक मन्त्रालय थपेर राज्यमाथि बर्सेनि थप साढे चार अर्ब दायित्व बढाउने घातक खेलमा मग्न छ ।

डा. केसीले उठाएका एजेन्डा उहाँका मात्र होइनन्, राष्ट्रको आवश्यकता र जनताको खाँचोका विषय हुन् । सत्याग्रहको पक्षमा चिकित्सक समुदाय मात्र होइन, न्यायप्रेमी जनसमुदाय जुर्मुराएको छ । सिंगो राष्ट्रले उहाँले उठाएका एजेन्डाप्रति सचेतनाका साथ समर्थन जनाइरहेको छ । देशका विभिन्न स्थानबाट 'बहिरो सरकार कान जँचाऊ, सत्याग्रही डाक्टरको ज्यान बचाऊ !' जस्ता नारा लगाएर सत्याग्रहका पक्षमा जनताको स्वस्फूर्त आन्दोलन उठिरहेको छ । अर्कातिर सेवा-सुविधाबाट वञ्चित ग्रामीण निमुखा र विपन्न समुदायलाई भुटका सपना बाँडी मत बटुलेर गठित सरकारका लागि तिनै जनसमुदायको हित र राष्ट्रिय आवश्यकतालाई मुखरित गर्दै अनेकौँपटक सत्याग्रह गर्दै आएका डा. केसी आँखाको कसिंगर वा दुस्मनजस्तो हुनु खेद तथा आश्चर्यजनक छ । सरकार बिचौलिया र माफियाको चंगुलमा चलेको छ भन्ने सत्याग्रहका समर्थक जनसमुदायको दृष्टिकोणलाई सरकारकै व्यवहार र रबैयाले भन् प्रमाणित गरिरहेको छ ।

डा. केसीको स्वास्थ्यस्थिति अत्यन्त कमजोर र कुनै पनि वेला तल-बितल हुने अवस्थामा पुगेको छ, जसले न्यायप्रेमी सबैलाई चिन्तित तुल्याएको छ । तर, सरकारको चरम बेवास्ता, संविधान लत्याउने, यसको उल्लंघनका लागि संवैधानिक धाराहरूमा छि खोज्ने र निहित स्वार्थअनुकूलको अर्थ लगाउने हर्कतले परिस्थितिलाई झनै गम्भीर बनाइदिएको छ । आफैँले गरेका निर्णय कार्यान्वयन गराउन नागरिकले ज्यानको बाजी लगाउनुपर्ने स्थिति निम्त्याई सरकारले लोकतान्त्रिक वैधता गुमाएर जनविश्वास समाप्त पारेको छ । दुईतिहाइनजिकको समर्थन बोकेको सरकार अन्ततः स्खलित, अकर्मण्य र पराजित मानसिकतामा पुग्नुको कारण नै भ्रष्ट, अहंकारी, स्वेच्छाचारी र असंवैधानिक गतिविधि हो ।

जनतालाई चिकित्सा शिक्षा तथा उपचार सेवा-सुविधामा समेट्नु सरकारको ऐच्छिक कार्य होइन, यो त संविधानले निर्दिष्ट गरेको मौलिक अधिकार तथा सरकारको अनिवार्य कर्तव्यको विषय हो । संविधानले निर्दिष्ट गरेको दायित्व, कर्तव्य र जिम्मेवारीप्रति सरकार स्वतः सचेत र सजग भएर आ□नो दायित्व निर्वाह गर्नुपर्छ । एक विशेषज्ञ चिकित्सकले जीवनको आहुती दिन तयार भएर सत्याग्रह चलाउनुपर्ने विषय थिएन । विगत १८ पटकका सत्याग्रहको क्रममा राज्यका निकाय र संवैधानिक अंगमा विराजमान पदाधिकारीबाट गरिएको असंवैधानिक, गैरकानुनी र अनुचित हर्कतको दुष्परिणाम उनीहरूले भोग्नुपरेको तथ्य सरकारलाई सम्झनलायक हुनुपर्छ । मुलुक र सर्वजनहिताय एक्लो सिपाही भएर सत्यको ऊर्जाले लडिरहेको निःस्वार्थी डाक्टरप्रति सरकारले देखाएको अनुत्तरदायी र गैरजिम्मेवारीपूर्ण व्यवहारले सत्तामा बस्नेहरु अहिंसा र सत्यका आग्रह

सुन्न तयार छैन भन्ने पुष्टि मात्र होइन, हत्या र हिंसाबाट जन्मेकाहरु अनशनजस्ता सत्याग्रहको नैतिक बल र ताकतलाई स्वीकार गर्ने संस्कृति राख्दैनन् भन्ने स्पष्ट पारेको छ । सभ्य राज्य र लोकतान्त्रिक सरकारको संस्कार यस्तो क्रूर र कठोर भएर आफैँले आधिकारिक रूपमा गरेका लिखित सहमति तथा सम्झौताप्रति सरकार इमानदार नहुनु नैतिक संकट मात्र होइन, राज्यप्रतिको अविश्वास व्याप्त बनाउने एक भयानक दुस्साहस हो । चिकित्सा शिक्षा र स्वास्थ्योपचार सेवामा आमजनताको पहुँच र सर्वसुलभता वञ्चित गरेर यसलाई माफियाको व्यापार गरिखाने साधन बनाइदिने र बाँडिचुँडी खाने दुस्साहसमा सरकार प्रत्यक्ष संलग्न भइसक्यो । उन्नाइसपटकका सत्याग्रहमध्ये चौथो, पाँचौं, आठौं, दसौं, तेह्रौं र पन्ध्रौं सत्याग्रह उल्लेखनीय र महत्वपूर्ण छन् । सुशील कोइराला प्रधानमन्त्री भएको वेला चलेको चौथो सत्याग्रहमा मेडिकल कलेजहरूलाई सम्बन्धन दिने प्रक्रियामा अनियमितता भएको छानबिन गर्ने, आइओएमका पदाधिकारीलाई कारबाही गर्ने, चिकित्साशास्त्र अध्ययन संस्थानलाई स्वायत्तता दिनेबारे विश्वविद्यालय सभामा पेस गरी निर्णय लिने, कलेज स्थापना गर्न आवश्यक नीति तर्जुमा गर्ने, चिकित्सा विज्ञानसम्बन्धी छुट्टै विश्वविद्यालय स्थापनाको अध्ययन गरेर सुझाबसहितको प्रतिवेदन पेस गर्ने र चिकित्सा शिक्षाबारे राष्ट्रिय नीति बनाएर मात्र थप कलेजलाई सम्बन्धनको व्यवस्था मिलाउने सहमति भएको थियो ।

डा. केसीले पाँचौं अनशनमा डा. केदारभक्त माथेमा आयोगको प्रतिवेदनबाट स्वास्थ्य शिक्षानीति बनेपछि मात्र सम्बन्धन दिने र कानुन नबनेसम्म मेडिकल कलेज विस्तार नगर्ने, अनियमितता छानबिन गर्न गठित जयराम गिरी नेतृत्वको समितिले दिएको प्रतिवेदन कार्वाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई जिम्मा लगाउने, चिकित्साशास्त्र अध्ययन संस्थान टुक्र्याउन गरिएको त्रिवि सिनेटको निर्णय कार्यान्वयन नगर्ने सहमति भएको थियो । चिकित्साशास्त्रसम्बन्धी सम्पूर्ण कानुनी व्यवस्था, प्रक्रिया र संस्थागत संयन्त्र तयार गर्ने र पाँच वर्षभित्र कम्तीमा एक-एक सरकारी मेडिकल कलेज खोल्ने लिखित सहमति त्यसमा थियो ।

> सत्यको ऊर्जाले लडिरहेको निःस्वार्थी डाक्टरप्रति सरकारले देखाएको अनुत्तरदायी र गैरजिम्मेवारीपूर्ण व्यवहारले सत्तामा बस्नेहरू अहिंसा र सत्यका आग्रह सुन्न तयार छैनन् भन्ने पुष्टि मात्र होइन, हत्या र हिंसाबाट जन्मेकाहरू अनशनजस्ता सत्याग्रहको नैतिक बल र ताकतलाई स्वीकार गर्ने संस्कृति राख्दैनन् भन्ने स्पष्ट पारेको छ ।

आठौं सत्याग्रहले त्यसअघिका माग पूरा गर्ने सरकारको प्रतिबद्धताका अतिरिक्त सरकारी शिक्षण संस्थामा चिकित्साशास्त्र अध्ययनका लागि कम्तीमा ५० प्रतिशत सिट संख्यामा निःशुल्क गर्ने र क्रमशः वृद्धि गर्दै ७५ प्रतिशतसम्म पुऱ्याउने, सबै प्रदेशमा एउटा सरकारी मेडिकल कलेज पुऱ्याउने, चिकित्सा शिक्षाको शुल्क र सिटसंख्या निर्धारणको आधार चिकित्सा शिक्षा आयोगको क्षेत्राधिकारभित्र राखी आयोगले निर्धारण गरेबमोजिम हुने भन्ने सहमति थियो ।

दसौं सत्याग्रहले अन्य सहमतिका अतिरिक्त हरेक प्रदेशमा एउटा सरकारी मेडिकल कलेज स्थापना प्रक्रियामा प्रदेश १ मा धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश २ मा बर्दिवास मेडिकल कलेज, प्रदेश ३ मा ललितपुरको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, काठमाडौंको वीर अस्पतालमा सञ्चालित चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, त्रिवि शिक्षण अस्पताल महाराजगन्ज रहने सहमति भएको थियो । त्यसैगरी, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र अन्य प्रदेशमा पनि प्रक्रिया अगाडि बढाउने सहमति भएपछि सत्याग्रह सकिएको थियो ।

१३औं सत्याग्रहका क्रममा अन्य पूर्ववत् सहमति र सरकारी प्रतिबद्धताका साथै राष्ट्रिय चिकित्सा शिक्षा अध्यादेश जारी गर्न प्रधानमन्त्री शेरबहादुर देउवाजीकै मन्त्रिपरिषद्बाट सिफारिस गरिसकेको तर तत्कालीन ओली नेतृत्वको सरकारले रोकेका कारणले नै यी समस्या झन् जटिल बन्दै गएका हुन् । गरिबको स्वास्थ्य उपचार र विद्यार्थीका लागि शिक्षा गुणस्तरीय, निःशुल्क र सर्वसुलभ गर्ने र विशेष अदालतका पूर्वमुख्य न्यायाधीश गौरीबहादुर कार्की आयोगको सिफारिसबमोजिम कार्बाही गर्ने सहमति भएको थियो ।

जुम्लाबाट सुरू गरेको १५औं सत्याग्रहका वेला केपी शर्मा ओली सरकारले देखाएको दमन र जबर्जस्तीको 'भैरवनृत्य' अविस्मरणीय छ । उक्त सत्याग्रह तोडाउन सम्झौता गर्नुअघि प्रमुख प्रतिपक्षी पार्टीको पनि संलग्नता र प्रतिबद्धता रहनुपर्छ भन्ने सत्याग्रहीको अडानका कारण प्रतिपक्षबाट म र तत्कालीन माओवादीबाट जनार्दन शर्माको सक्रियतामा सहजीकरण र मध्यस्थता गर्ने काम भयो । त्यसअघि भएका सहमति र प्रतिबद्धता कार्यान्वयन गर्ने लिखित आश्वासनसहित चिकित्सा शिक्षा आयोगलाई कार्यकारी उपाध्यक्षसहित पूर्णता दिएर मात्र साझा प्रवेश परीक्षा सञ्चालन गर्नुपर्ने, कर्णाली स्वास्थ्य विज्ञान

>>> बाँकी ६ पेजमा

कोरोना कहरमा हराएका मधेशवादी दल

संगीता रेञ्जी

अत्प्राशित रूपमा विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारी (कोभिड-१९) को कहरले सम्पूर्ण विश्व आक्रान्त छ । कोरोनाको कहरले विश्वका कैयौं मुलुकह रूले लाखौं व्यक्तिहरु गुमाइसकेका छन् । आर्थिक रूपमा सम्पन्न र व्यवस्थित स्वास्थ्य सेवाको हिसाबले अब्बल रहेका मु लुकहरूले समेत कोरोना महामारीबाट पार पाउन सकिरहेका छैनन् । चीन, अमेरिका, इटाली, स्पेनजस्ता समृद्ध मुलुकहरूसमेत यो भाइरसबाट आजित भएका छन् । विश्वभरी यही भाइरसका कारण अहिलेसम्म ३ लाखभन्दा बढीको मृत्यु भइसकेको छ भने ४५ लाखभन्दा बढी संक्रमित रहेका छन् ।

विश्वव्यापी रूप लिइसकेको कोरोनाभाइरसबाट नेपालपनि अछुतो रहन सकेको छैन । हालसम्म यो भाइरसक ाकारण २ जनाको मृत्यु भएको छ भने संक्रमितको संख्या चार सय नाघेको छ । कोरोना भाइरस फैलन नदिन भनेर नेपाल सरकारले देशभरी लकडाउन गरेको दुई महिना पुरा भएको छ ।

कोरोना भाइरस देशभरी नै फैलने क्रम बढ्दो छ । त्यसमध्ये प्रदेश २ मा सबैभन्दा बढी प्रभाव देखिएको छ । प्रदेश २ को आठवटा जिल्लामध्ये सबै जिल्लामा यो भाइरस फैलिसकेको छ भने वीरगन्जमा सबैभन्दा धेरै प्रभावित भएका छन् । प्रदेश २ मा कोरोनाबाट संक्रमित हुनेको संख्या एक सयभन्दा बढी पुगेको छ । भाइरसको 'हटस्पट' बनेको पर्सा जिल्लामा मात्रै ८५ जनामा संक्रमण देखिएको छ । त्यस्तै बारा, रौतहट र धनुषा, महोत्तरी, सर्लाही र सप्तरीमा संक्रमति भेटिएका छन् । मधेशका जिल्लामा संक्रमितहरु थर्पिंदा यहाँको कोरोना उपचार गर्ने अस्पतालमा शैय्या भरिएको छ भने स्कुल मा आइसोलेसन वार्ड तयार पारिएको छ । अहिलेसम्म प्रदेश २ मा संक्रमित मध्ये ५ जना निको भएर अस्पतालबाट डिस्चार्ज भइसकेका छन् ।

भारतसँग खुल्ला सिमाना जोडिएको प्रदेश २ कोरोना संक्रमणको उच्चजोखिममा रहेको चर्चा केही समय पहिलेदेखि नै नभएको होइन । अधिकांश युवा वैदेशिक रोजगारीका लागि भारत लगायतअन्य देशमा प्रदेश २ बाटै सबैभन्दा धेरै गएका छन् । यस्तो अवस्थामा कोरोनाको संक्रमण बढ्छ भन्ने विषयमा प्रदेश सरकार गम्भीर नरहनाले पनि अहिले यो प्रदेश कोरोनाको चपेटामा परेको छ ।

आर्थिक रूपमा कमजोर रहेको प्रदेश २ मा राजपा र समाजवादीको सरकार छ । अहिले दुई पार्टी एकीकरण भई जनता समाजवादी बनेको छ । यस क्षेत्रलाई औद्योगिक क्षेत्र भनिए पनि उत्पादनको बजार पनि भारत र कच्चा पदार्थको बजार पनि भारत, जनशक्तिको स्रोत पनि भारत भएको अवस्थामा कोरोनो महामारीले यी सबै आर्थिक आधार निकै प्रभावित भएका छन् । यस क्षेत्रमा पर्यटनको स्रोत खासै नभए पनि बदलिंदो परिस्थितिमा ट्रान्जिटकै रूपमा भएपनि एउटा आधार बन्दै थियो । कोरोनाको प्रभावले यो आधारलाई पनि बिथिलेको छ । देश संघीयतामा गएसँगै तीन तहको सरकारको व्यवस्था त भयो, जसले खर्च ह्वात्तै बढ्यो तर आम्दानीमा खासै बढोत्तरी हुन सकेन ।

कोरोनाभाइरसले अभ्कति समय प्रभाव पार्छ, कतिको मृत्यु हुन्छ, के-कस्ता परिवर्तनहरु हुन्छन् भन्न सकिने अवस्था छैन तथापि कोरोनाले विश्वको अर्थतन्त्रमा नराम्रो असर पारेको छ । नेपालमा पनि त्यसको प्रत्यक्ष प्रभाव परि नै रहेको छ । कमजोर आर्थिक अवस्था भएको प्रदेश २ लाई कोरोनाको कहरबाट बाहिर निस्किए पछि कसरी अगाडि बढाउने भन्ने तर्फ ध्यान दिन जरूरी छ । यही जेठ २ गते राष्ट्रपतिले संसदमा नीति तथा कार्यक्रम सार्वजनिक गर्दै कोरोनाले विकासको आकांक्षा र गतिमा धक्का पुगेको भन्दै कृषि बाली लगाउनु अघि नै किसानको नाफा सुनिश्चित गरिने, स्वदेशी वस्तु उपयोगको लागि अभियान चलाइने लगायतका महत्वकांक्षी कार्यक्रमहरु अगाडि सारेको छ । कृषि मुख्य पेशा रहेको प्रदेश २ का जनतालाई कोरोनाको कहरबाट उठ्न यो कार्यक्रम प्रभावकारी हुने देखिन्छ ।

प्रदेश २ सरकारले यस प्रदेश भित्रबाट देश बाहिर रोजगारीका लागि गएकाहरूका तथ्यांक संकलन गरी उनीहरूलाई आफ ्नै प्रदेशभित्र रोजगारीको व्यवस्था गर्ने, प्रदेशभित्रै सुविधायुक्त अपस्ताल स्थापना गर्ने, कृषकलाई प्रोत्साहन गरी कृषि उत्पादनको बजार खोजी गर्ने, जातीय भेदभाव हटाउन तर्फ ध्यान दिन जरूरी छ । अहिले कोरोनाको विषयमा मधेशीदलहरूको मौनताले सबैलाई आश्चर्यमा पारेको छ । राजपा र समाजवादी पार्टी एक भएर जनता समाजवादी पार्टी निर्माण भएको छ । यो एउटा सुःखद सुरूवात हो तर एकीकरण खाली राजनीतिक स्वार्थ पूर्ति गर्न तर्फ मात्र केन्द्रित भएको हो कि भन्ने भान पनि हुने गरेको छ । यो एकतालाई सार्थक बनाउन मधेशवीदलहरूले यस क्षेत्रका हरेक समस्यालाई आफ्नो मानेर समाधानको दिशातर्फ अग्रसर हुनुपर्छ ।

(मधेश दर्पण फिचर सेवा)

हिंसा र...

प्रतिष्ठानमा एमबिबिएसलगायत स्नातक तहका विद्यार्थी भर्ना, पूर्वाधार र जनशक्ति कायम गर्नुपर्ने, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र गेटा मेडिकल कलेजको काम अघि बढाउनुपर्ने, पाँचथर-इलाम, डडेल्धुरा-डोटी र उदयपुरमा सरकारी मेडिकल कलेज स्थापना गर्नेबारे सहमति भएपछि सत्याग्रह अन्त्य भएको थियो ।

०६७ सालदेखि चिकित्सा शिक्षा सुधार र स्वास्थ्य सेवा तथा सुविधामा आमूल सुधारका लागि हुँदै आएको आन्दोलन, प्रतिबद्धता, सहमति र आश्वासनले ६ वटा प्रधानमन्त्री देखिसक्यो । तर, सरकारबाट हुँदै आएको प्रतिबद्धता र सहमति हरेकपटक सरकारबाटै उल्लंघन हुँदै आएपछि डा. केसीको सत्याग्रह र जनताको आन्दोलनले टुंगो पाएको छैन । सरकारले जहिलेसम्म यो समस्यालाई मेडिकल माफियाको पक्षपोषण गर्ने साधन बनाइरहन्छ, तबसम्म यो आन्दोलनले विश्राम पाउने सम्भावना छैन ।

अब डा. केसीको ज्यान बचाउनका लागि राष्ट्रिय मानवअधिकार आयोगलगायत युएन वाच, एम्नेस्टी इन्टरनेसनल, ह्युमनराइट्स वाच, सिभिल राइट्स डिफेन्डर्स, ह्युमनराइट्स विदाउट फ्रन्टियर्स इन्टरनेसनल, फिजिसियन्स फर ह्युमन राइट्सजस्ता दुई दर्जनभन्दा बढी राष्ट्रिय-अन्तर्राष्ट्रिय मानव अधिकारवादी संगठनले सरकारलाई स्पष्ट शब्दमा सचेत गराउँदै बाध्यात्मक परिस्थिति सिर्जना गर्नुपर्ने वेला आएको छ । मानवअधिकार तथा नागरिकको स्वास्थ्य रक्षा र न्याय खोज्ने जनताको पक्षमा आवाज उठाउने परिभाषाले कसैको आन्तरिक मामिलामा हस्तक्षेप भएको मान्दैन । अत्यन्त नाजुक अवस्थामा पुगिसकेको उहाँको स्वास्थ्यमा कुनै तलमाथि पर्न गएमा त्यसको सम्पूर्ण दोष र जिम्मेवारी सरकारलाई जानेछ ।

(नयाँ पत्रिकाबाट)

भोको पेटमाथि...

हो । देश भासिने दल दल पनि हो । हरेक नेता गुटबाजी गरिरहेका छन्, यसकारण नेताहरु न पार्टीसिद्धान्तका रहे, यिनमा न देशभक्ति नै कायम रह्यो । राजनीति नाङ्गले पसलेमा सिमित हुनपुगेको छ । नित्सेले लेखेका थिए- मऱ्यो ईश्वर । यसो भन्ने नित्से एकदिन मरे । ईश्वर मऱ्यो कि मरेन ? प्रश्न आज पनि प्रश्न नै छ । रोग, भोक र शोकमा मर्दै गएका लोकका लागि लोकतन्त्र यस्तै अहं प्रश्न हो । लोकतन्त्र त नमर्ला तर मरेतुल्य शासकहरु यसैगरी मर्दै रहनेछन् । लोकले बिद्रोह गरेन, बिकल्प खोजेन भने लोक अन्याय गिलोटिनमा यसैगरी मरिरहनेछन् ।

किनकि थारो भैंसी बाघले खाए कि किलो रित्तै भए के ? बुढो भैंसी लडेर मरोस् कि थला परेर मरोस् । संविधान भन्ने पुस्तक रत्नपार्कमा चटक देखाएर बेचिने टाउको दुखेको, नाइटो दुखेको, गानागोला, पुरानो रोग निको पार्ने काठको धुलो पोको पारेको सर्वौषधिजस्तो हुनपुगेको छ । यही संविधानले अपराध बढाएको छ, हत्याहिंसा चर्काएको छ, चोरीडकैती रोक्नसकेन, चुनाव हारेका र आफन्तलाई राज्यदोहन गर्ने पदमा बिराजमान गराएको छ । यो संविधान जे खायो पचायो गर्ने पाचकजस्तो लाग्छ । यस्तो पद्धति लोकका लागि गाईजात्रा हो । लोक हरेक दिन ठूला पार्टीहरुको गाईजात्रा हरेर दाँत किटिरहेका छन् ।

यसकारण जनताले बिकल्प खोज्छन्, खोज्नैपर्छ । पशुजातको बिरालालाई पनि ढोका थुनेर कुट्यो भने बाँच्नका लागि झम्टिन्छ । लोक त मान्छे हो, सार्वभौम छ । लोक सहनसक्छ, सहनुको सीमा नाघेपछि पक्कै सडकमा निस्कन्छ । मुख थुनेर लोकलाई कतिञ्जेल राख्ने, जब लोकले ओठ टोकेर बोल्छ, बोलेपछि यस्तो निम्छरो नेतृत्व पुच्छर ठाडो पारेर भाग्छ । लोक अब बोल्छ, लोकले अब बिकल्प खोज्छ ।

नाकावन्दीकालमा राष्ट्रवादमा उभिएकाहरु पछिल्लो समय अतिक्रमित भूमिसमेत समेटेर नक्सा सार्वजनिक गरे । अहिले आएर त्यो नक्सा समेटिएको पाठ्यपुस्तकसमेत सार्वजनिक गर्नबाट रोक लगाउन पुगेका छन् । नेपाली भूमि सदा नेपाली भूमि नै हो, यसमा लुकाउनु, छिपाउनु पर्ने के कुरा छ र ? तर सरकारले लुकायो, प्रतिपक्षीहरु मौनता साधिरहेका छन् । राष्ट्रियता पनि राजनीतिक हतियार हुन्छ र ? यिनले बनाए ।

नेपाली राजनीतिबारे एकजना महिलाले लेखेकी थिइन्- यो त धोती उचालेर छाती छोपेजस्तो भयो । यो राजनीतिमा अव बाँकी के रह्यो ?

जर्ज अरवेलले एनिमल फार्म उपन्यासमा लेखेका थिए- अल एनिमल आर इक्वेल, बट सम एनिमल्स आर मोर इक्वेल देन अदर्स । नेपाली राजनीति यो भनाईभन्दा भिन्न देखिन्न ।

लोकले धान, गहुँ रोपेका हुन्, सिस्नोको घारी उम्रियो । न जीवन बाँकी रह्यो, न संघर्ष । यस्तो सिस्नोको घारी लोकले छिमोल्छ, छिमोल्छ । यो प्राकृतिक सिद्धान्त पनि हो ।

हरबर्ट स्पेन्सरले खुब भनेका हुन्- सर्भाभाइभल अफ दी फिटेस्ट । यसकारण अव लोकले बिकल्प खोज्छ, खोज्नैपर्छ । उत्तर कोरियाली दूतावासमा स्वागत समारोह असोज २१, काली र समृद्ध नेपाल बनाउने नेपाल सरकारको चाहना पूरा होस् भन्ने चाहन्छु भन्नुभयो ।

खेलकुद

मैत्रीपूर्ण खेल : फ्रान्स र इटालीको सानदार जित, रोकिए जर्मनी, स्पेन र पोर्चुगल

मैत्रीपूर्ण खेलमा विश्व च्याम्पियन फ्रान्स र इटालीले सानदार जित हात पार्दा जर्मनी, पोर्चुगल र स्पेनले बराबरीमा रोकिएका छन् । बुधबार राति भएको खेलमा फ्रान्सले युक्रेनलाई ७-१ र इटालीले माल्दोभालाई ६-०ले हराउँदा जर्मनी टर्कीसँग ३-३को बराबरीमा रोकियो भने स्पेन र पोर्चुगलले गोलरहित बराबरी खेले । फ्रान्सलाई सानदार जित दिलाउने क्रममा ओलिभर जिरूडले २ गोल गरे भने एन्टोइन ग्रिजम्यान, किलियन एम्बप्पे, टोलिसो र इडवार्डो कामाविंगाले समान १ गोल गरे । स्यस्तै युक्रेनका भिक्टोर त्स्यगानकोवले गोल गरे ।

कामाविंगाले नवौं मिनेटमा गोल गर्दै फ्रान्सलाई सुरूवाती अग्रता दिलाएका थिए । त्यसपछि २४औं र ३३औं कप्तान जिरूडले गोल गर्दै फ्रान्सको अग्रता ३-०मा पुऱ्याए । ३९औं मिनेटमा भिटालिया म्याकोलेन्को गोल आफ्नो पोष्टमा गोल गरेपछि फ्रान्सले पहिलो हाफमा ४-०को अग्रता लियो । ५३औं मिनेटमा युक्रेनका भिक्टोर त्स्यगानकोवले गोल गर्दै अग्रता कम गर्ने प्रयास गरे । ६५औं मिनेटमा टलिसो, ८२औं मिनेटमा एम्बाप्पे र ८९ मिनेटमा ग्रिजम्यानले गोल गरेपछि फ्रान्सले मैत्रीपूर्ण खेलमा युक्रेनलाई ७-१ले हरायो ।

इटालीले माल्दोभालाई हरायो

बुधबार राति नै भएको मैत्रीपूर्ण खेलमा इटालीले माल्दोभालाई ६-०ले पराजित गरेको छ । घरेलु मैदानमा भएको खेलमा रोबर्टो मान्सिनीको टिम इटालीले पहिलो हाफमै ५ गोल गरेको थियो । उसका लागि इटालीको जितमा स्टेफन एल सरावीले दुई गोल गर्दा ब्रायन क्रिस्टान्टे, फ्रान्सेस्को कापुटो र डोमिनिको बेराडीले एक-एक गोल गरेका थिए । माल्दोभाका विसेस्लाव पोस्माकले एक आत्मघाती गोल गरेका थिए ।

टर्कीसँग रोकियो जर्मनी

तीन पटक लिएको अग्रता जोगाउन नसक्दा जर्मनी घरमै टर्कीले ३-३ गोलको बराबरीमा रोकिएको छ । जर्मनले पहिलो हाफको इन्जुरी सयममा जुलियन ब्रन्सलरको गोलमा अग्रता लिएको थियो। तर, ४९औं मिनेटमा टर्कीका ओजान तुफानले गोल गर्दै खेललाई बराबरीमा ल्याए । ५८औं मिनेटमा लोरियन न्यूरोहासले गोल गर्दै जर्मनीलाई पुनः अग्रता दिलाए । तर, इफेकान कारकाले ६७औं मिनेटमा गोल गर्दै खेललाई पुनः बराबरीमा ल्याए । ८१औं मिनेटमा जुयान लुका वाल्डस्मिटले गोल गरेपछि जर्मनीले ३-२को अग्रता लियो । तर, केनन करमनले इन्जुरी सयममा गोल गर्दै खेललाइ ३-३को बराबरीमा ल्याए ।

पोर्चुगल र स्पेनले खेले बराबरी

मैत्रीपूर्ण खेलमा पोर्चुगल र स्पेनले गोलरहित बराबरी खेलेका छन् । बुधबार राति भएको खेलमा दुवै टिमले गोल सुनौलो अवसर खेर फाल्दा गोलरहित बराबरी खेले । खेलको पहिलो हाफ स्पेनले दबाब बनाएको थियो । यसले पोर्चुगलको पोस्टमा केही सट प्रहार पनि गरेको थियो । तर, पोर्चुगलका किपर रूइ प्याट्रिसियोले बचाएका थिए ।

दोस्रो हाफमा प्रशिक्षक फर्नान्डो सान्तोयाले बर्नार्डो सिल्भा, रूविन डियास र विली काल्भार्हो मैदान छिराएपछि पोर्चुगलले सुधारिएको प्रदर्शन गरेको थियो । क्रिस्टयानो रोनाल्डो र रेनाटो सान्चेजको दुई प्रहार पोस्टमा ठोकिँदा पोर्चुगलले अग्रता लिने अवसर गुमायो । त्यसपछि दुवै टिमका एक-एक उत्कृष्ट प्रहार किपरले बताएका थिए ।

यसैगरी नेदरल्यान्ड्स भने उत्तर अमेकिरी टिम मेक्सिकोसँग १-०ले पराजित भएको छ । राहुल जिमिनेजले ६०औं मिनेटमा पेनाल्टीमा गरेको निर्णायक गोल मद्दतमा मेक्सिकोले नेदल्यान्ड्सलाई १-०ले पराजित गरेको हो ।

बुधबार राति नै भएका अन्य मैत्रीपूर्ण खेलमा चेक रिपब्लिकले साइप्रसलाई २-१ ले, डेनमार्कले फरोई आइसल्याण्डलाई ४-० ले, लिथुनियाले इस्टोनियालाई ३-१ ले र माल्टाले गिब्राल्टारलाई २-० ले हराए । यस्तै, पोल्याण्डले फिनल्याण्डलाई ५-१ ले, ग्रिकले अष्ट्रियालाई २-१ ले र लिचेस्टाइनले लक्जमबर्गलाई २-१ ले पराजित गर्दा मोन्टेङग्रो र लात्भियाले १-१ गोलको बराबरी खेलेका छन् ।

कर्पोरेट

● ग्लोबल आइएमई बैंकका तीन शाखारहित बैंकिङ

ग्लोबल आइएमई बैंकले तीनवटा नयाँ शाखारहित बैंकिङ सेवा सुरू गरेको छ । बैंकले पाल्पाको सत्यवती, रौतहटको कटहरिया र गुल्मीको अर्जेमा सेवा सञ्चालनमा ल्याएको हो । सत्यवतीमा छविसरा सिँजाली, कटहरियामा महमद जलालुदिन हक र अर्जेमा भरत पराजुलीलाई स्थानीय प्रतिनिधि नियुक्त गरिएको बैंकले जनाएको छ । शाखारहित बैंकिङ सेवाबाट स्थानीय बासिन्दाले स्थानीय प्रतिनिधिमार्फत बैंकिङ सेवा लिन सक्ने बैंकले जनाएको छ । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको ब्याज भुक्तानी गर्ने, डिसहोम, सिडिएमए, नेपाल टेलिकमको महसुल भुक्तानी गर्ने, मोबाइल रिचार्ज गर्नेलगायतका सेवा लिन सक्ने जनाइएको छ । कृषि, रेमिट्यान्स तथा पर्यटन मुख्य आयस्रोत रहेका क्षेत्रका बासिन्दाले बैंकिङ सेवा उपभोग गर्नका लागि टाढा-टाढासम्म पुग्नुपर्ने बाध्यतालाई हटाउन शाखारहित बैंकिङ सेवा सुरू गरेको बैंकले जनाएको छ ।

ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ सेवाको पहुँच पुऱ्याउने उद्देश्यले ७१ वटा जिल्लामा फैलिएका २ सय ५९ शाखा सञ्जालसहित २ सय ३४ एटिएम, ४३ एक्सटेन्सन काउन्टर तथा राजस्व संकलन काउन्टर, २ सय २५ शाखारहित बैंकिङ सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि-सम्पर्क कार्यालयमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

● राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीलाई एनबिआईले तालिम दिने

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेसनल बैंकिङ इन्स्टिच्युट लिमिटेड (एनबिआई) बीच बैंकिङ तालिम सञ्चालन गर्नेसम्बन्धी सम्झौता भएको छ । चालू आव ०७७र७८ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीको कार्यदक्षता अभिवृद्धिका लागि एनबिआईले विभिन्न विषयमा नियमित रूपमा बैंकिङ तालिम प्रदान गर्ने सम्झौता भएको हो ।

सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र एनबिआईका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले हस्ताक्षर गरेका थिए । हस्ताक्षरपछि बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले बैंकले लिएको उद्देश्य हासिल गर्नका लागि नियमित रूपमा कर्मचारीहरूलाई तालिम दिइरहेको बताए । तालिमपश्चात् तालिम लिने व्यक्ति र संस्था दुवैको कार्यदक्षता वृद्धि हुने उनको भनाइ थियो । इन्स्टिच्युटका प्रमुख कार्यकारी अधिकृत लम्सालले बैंकिङ क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीलाई प्राथमिकताका साथ तालिम दिने गरेको बताए । यसले संस्थाको उत्पादकत्व वृद्धि गर्ने उनको भनाइ थियो ।

● नेपाल बैंकमा सर्वसाधारण सेयरधनीबाट तीनजना सञ्चालक रहने

नेपाल बैंक लिमिटेडमा सर्वसाधारण सेयरधनीका तर्फबाट तीनजना सञ्चालक हुने भएका छन् । बैंकको विशेष साधारणसभाले नेपाल सरकारबाट मनोनीत हुने चारजनामा एकजना घटाउने र सर्वसाधारणबाट निर्वाचित हुने दुईजनामा एकजना बढाई तीनजना पुऱ्याउने प्रस्ताव पारित गरेको हो ।

भर्चुअल रूपमा आयोजना गरिएको विशेष साधारणसभाले सञ्चालक प्रतिनिधित्वसम्बन्धी साबिकको व्यवस्था परिवर्तन गर्ने प्रस्ताव पारित भएको बैंकले जनाएको छ । यसका लागि नियमावलीको सम्बन्धित दफामा संशोधन गर्ने साथै बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम हुने गरी प्रबन्धपत्र तथा नियमावलीलाई समयानुकूल अद्यावधिक गर्न प्रबन्धपत्र तथा नियमावलीका अन्य व्यवस्थामा संशोधन-थपघट गर्ने प्रस्ताव सभाबाट पारित भएको जनाइएको छ । बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदलको सुझाब प्राप्त भएमा सोबमोजिम आवश्यक फेरबदल गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पनि सभाले पारित गरेको बैंकले जनाएको छ ।

● स्ट्यान्डर्ड चार्टर्ड नेपाललाई अवार्ड

स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल ग्लोबल फाइनान्स, न्युयोर्कद्वारा 'बेस्ट कन्जुमर डिजिटल बैंक इन नेपाल २०२०' अवार्डबाट पुरस्कृत भएको छ । बैंकले उक्त पुरस्कार एसिया प्यासिफिक समूहअन्तर्गत प्राप्त गरेको हो । बैंकले यो पुरस्कारबाट लगातार छैटौँपटक पुरस्कृत हुन सफल भएको जनाएको छ । यो अवार्ड डिजिटल ग्राहकहरूलाई प्रदान गर्ने सेवा र आकर्षित गर्न अपनाएको रणनीतिक शक्ति, डिजिटल सेवाहरु प्रयोग गर्नमा ग्राहकहरूमा पाएको सफलताजस्ता कारणले प्राप्त गरेको बैंकले जनाएको छ ।

● एनआइसी एसियाको रेमिट एकमा एक फ्री

एनआइसी एसिया बैंकले आफ्नो एनआइसी एसिया रेमिटमार्फत विजयादशमी, भाइटीका, नेपाल संवत् र छठपर्व लक्षित निःशुल्क आन्तरिक रेमिट् यान्स योजना ल्याएको छ । कम्पनीले एकपटकको रेमिट्यान्स शुल्कमा दुईपटक पठाउन सकिने योजना ल्याएको हो । योजनाअनुसार देशभित्र एक ठाउँबाट अर्को ठाउँमा रकम पठाउँदा दोस्रोपटक निःशुल्क रकम पठाउन सकिने जनाइएको छ । विप्रेषण रकम बैंकका देशभर रहेका ३ सय २६ शाखा, १ सय ३ विस्तारित काउन्टर, ६४ शाखारहित बैंकिङ इकाइ एवं १० हजारभन्दा बढी सहायक प्रतिनिधिमार्फत विनाझन्झट तुरून्त रकम प्राप्त गर्न सकिने कम्पनीको दाबी छ । यो योजना ५ मंसिरसम्म लागू हुने बैंकले जनाएको छ ।

● कुमारी बैंकका ग्राहकलाई होटेल ल्यान्डमार्कमा छुट

कुमारी बैंक लिमिटेड र होटेल ल्यान्डमार्कबीच होटेलका विभिन्न सेवासुविधाहरूमा छुट प्रावधानसम्बन्धी सम्झौता भएको छ । होटेलले बैंकका ग्राहकलाई ५ देखि ३० प्रतिशतसम्म छुट दिने सम्झौता भएको हो ।

सम्झौताअनुसार कुमारी बैंकका डेबिट-क्रेडिट कार्डबाहक ग्राहकले होटेल ल्यान्डमार्कअन्तर्गतका दरबारमार्ग, चितवन, पोखरास्थित विभिन्न होटेल र रिसोर्टका साधारण रूम शुल्कमा ३० प्रतिशत, विशेष प्याकेजहरूमा ५ प्रतिशत, खानपानमा १५ प्रतिशतसम्मको छुट पाउने जनाइएको छ ।

यसका साथै होटेल-रिसोर्टहरूका अतिरिक्त मनोरञ्जनात्मक क्रियाकलापमा पनि विविध सहुलियत प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । यस सहकार्यले कुमारी बैंकका ग्राहकको यस समूहअन्तर्गतका होटेल, रिसोर्ट तथा रेस्टुरेन्टतर्फ आकर्षण बढ्ने तथा सोही होटेल बसाइ, खानपान आदिमा बैंकका ग्राहक वर्गलाई सहजता पुग्ने बैंकले विश्वास लिएको जनाइएको छ ।

कला/साहित्य

भिडियोमा गरिबीको पिडा

काठमाडौं । ग्रामिण भेगका गरिब जनताको आँखा भरि आसुका धारा छन् । उहिरूलाई विहान साझँको छाक पनि कसरी टारौ भन्ने पिडाले दिनहुँ सताइरहेको हुन्छ । उनीहरूसंग हृदय भरि पिडा र कष्टका व्यथाहरु पनि उत्तीकै छन् । अनि मुटु भरि गरिबी र दुःखका कथाहरु संगालेर बाचिरहेका छन् । सुखको अनुभती उनीहरूसंग छैन । उनीहरूलाई धन पैसा भन्नु पनि थाहा छैन, धनको खोजीमा होइन विहान साझँको छाक कसरी टार्ने भन्ने कुरामा पिरोलिरहेका छन् उनीहरु । महान पर्व दशैं नजिकै गर्दा गरिबको आँगनमा बज्रिने बज्रपातको कल्पना गर्न पनि सकिन्न । यस्तै कथावस्तु समेटिएको मर्मश्पर्शी 'गरिबी....' शिर्षक गीतको भिडियो ह् वाइटपिंगन ईन्टरटेन्टमेन्ट मार्फत सार्वजनिक भएको छ । मित्र केसी, गरिमा घिमिरेको स्वर रहेको गीतको शब्द, संगीत मित्र केसीकै रहेको छ । निमा रायको निर्देशन रहेको भिडियोमा राजकुमार महर्जन, सुयासी कार्की, प्रसंशा महर्जन, केशव आचार्य, रविन वस्याल, प्रकृति प्रश्नाको जिवन्त अभिनय रहेको छ । गीत जति राम्रो छ गीतको भिडियो पनि त्यतिकै उत्कुष्ट बनेको छ । 'हामी सबैले मिलेर सन्देशमुलक गीतको भिडियो स्रोता, दर्शकमाझ ल्याएका छौ, सबैले मायाँ गरिदिनुहुनेमा आशावादी छौं', निर्माता राजकुमार महर्जनले भन्नुभयो ।

'गोवर गणेश'को गीत सार्वजनिक

नेपाली कथानक चलचित्र 'गोवर गणेश' को पहिलो गीत 'अमिलो मोई' सार्वजनिक भएको छ । नेपाली चलचित्र नगरीमा सफल मानिने एक्सन, कमेडी र सबै खालका अभिनय गर्न प्रखर अभिनेता जय किसन बस्नेत लिड फिचर्ड चलचित्र 'गोवर गणेश'को प्रमोसनल गीत 'अमिलो मोई ..' सार्वजनिक भएको । निर्देशक कल्याण अधिकार ीको निर्देशनमा बिलभ्ड इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको कमेडी एक्सन तथा कमेडी बेसमा आधारित नेपाली कथानक चलचित्र गोवर गणेशको गीतमा अहिलेको चर्चित नायिका एलिना रायमाझी लाई फिचर्ड गरिएको छ । एलिना चौहान र नीशान भट्टराईको आवाज रहेको यस गीतमा रिमेश कुमारको संगीत रहेको छ।

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :



१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै भ्यालु ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :



१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. भ्यालु ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

नेपाल इन्स्योरेन्स
Kamaladi, Kathmandu, GPO Box: 3623, Kathmandu, Nepal
Tel: 4221353,4228690, 4245565/68, nepalinsurance.com.np
Toll Free: 16600161666
72 Years of Excellence
नेपालको पहिलो बीमा कम्पनी

तपाईंको व्यवसायमा साथ दिने सारथी,
जोखिम हाम्रो व्यवसाय तपाईंको।
निर्धक्क रहनुहोस्, निरन्तर अघि बढ्नुहोस्...



नेपाल इन्स्योरेन्सको हात
तपाईको साथ

बलात्कारीलाई...

मुलकुमा विकृत्ति बढेको प्रष्ट भएको छ ।

नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको सरकारले केही राम्रा काम गरेको भएपनि नराम्रा कामहरु बढी भएकाले राम्रा कामहरु छायाँमा परेका छन् । हालै मात्र सरकारले अध्यादेश मार्फत एसिड प्रहार गर्नेहरुको सजाए बढाएको छ । सरकारको यस कार्यको चौतर्फी स्वागत गरिएको छ । एसिड प्रहार गरी मान्छेको ज्यान लिन सक्ने अवस्था आएको र धेरै व्यक्तिहरु अपाङ्ग हुन सक्ने अवस्था देखिएकोले अध्यादेश मार्फत कानुन ल्याउन सरकारलाई व्यापक दबाब परेको थियो । त्यसैको आधारमा उक्त विधेयक ल्याइएको हो । अहिले मुलुक कोरोना भाइरसबाट आक्रान्त बनिरहेको बेलामा समेत बालिकाहरु बलात्कृत हुने क्रम नरोकिएको र भ्रष्टाचारमा समेत बृद्धि भएकाले अब केपीओली नेतृत्वको सरकारले यी दुई विषयमा कडा कानुन ल्याउनुपर्ने आवश्यकता देखिन्छ । केही दिन पहिला संघीय संसदमा प्रतिनिधित्व गर्ने सबै दलका महिला सांसदहरूले बालिकालाई बलात्कार गर्नेहरूलाई फाँसिको सजाए हुनुपर्ने माग गरेका छन् भने केही सांसदहरूले बलात्कार गर्ने व्यक्तिको लिङ्ग छेदन गर्नुपर्ने माग समेत गरेका छन् । तर विश्वका केही देशहरुमा बलात्कारीहरूलई फाँसीको सजाए हुने प्रावधान भएपनि बलात्कार रोकिएको छैन । फेरी मानिसको बाँच्न पाउने अधिकार खोस्न नमिल्ने प्रश्न समेत उठ्न सक्छ । हाम्रो संविधानले फाँसीको सजायँलाई स्वीकार गर्न नसकेको हुनाले फाँसीको सजायँ माग गर्नु उचित हुन सक्दैन ।

भ्रष्टाचारी र बलात्कार गर्नेहरूलाई आजिवन कारावासको व्यवस्था गरिनु उपयुक्त हुनेछ । त्यस्ता व्यक्तिहरु जुनसुकै पार्टीका र जुनसुकै हैसियतका भएपनि उनीहरूलाई आजिवन जेल मुक्त गरिनु हुँदैन । सरकारले जसरी एसिड प्रहार गर्नेहरूलाई आजिवन कारावास र दण्ड जरिवानाको प्रावधान सहितको विधेयक ल्याएको छ त्यस्तै कडा सजायँ भएको विधेयक तत्काल ल्याउनुपर्ने आवश्यकता छ । भ्रष्टाचारीहरूले भ्रष्टाचार गरी कमाएको रकम राज्यकोषमा राख्ने र बलात्कारीको सम्पत्ति बलाकृत भएकी बालिका वा महिलालाई नै दिनुपर्ने कडा कानुन ल्याएको खण्डमा बालिका बलाकृत हुने कार्यमा कमी आउन सक्छ तर त्यस्तो कानुन ल्याउँदा सबै राजनीतिक दलको सहमति हुनु आवश्यक छ । त्यस्ता अपराधमा संलग्न भएकाहरूलाई कुनै पनि बहानामा दण्ड सजायँमा माफी दिनु हुँदैन ।

कमल थापाको आग्रह



काठमाडौं । राप्रपा अध्यक्ष कमल थापाले प्रदेश सभा खारेज गर्न आग्रह गर्नुभएको छ । थापाले प्रदेश ५ का मन्त्रीको गैरजिम्मेवार अभिव्यक्ति र प्रमुख प्रतिपक्ष कांग्रेसका सांसद ध्वंसात्मक कार्यमा उत्रिएको विरोध गदै प्रदेश सभाको खारेजीको धारणा अघि सार्नुभएको हो । थापाले संघीयताको ५ वर्षे अनुभवले यस्तो प्रमाणित भएको भन्दै केन्द्र र स्थानीय तह कायम गरी प्रदेश तह खारेज गर्नु उपयुक्त हुने बताउनु भएको छ ।

प्रदेशसभाको कुनै काम नभएको र पार्टीका नेता कार्यकर्तालाई जागीर दिने निकायमा सिमित रहेको देखिएको छ । जब प्रभावकारिता छैन र लूटको अखडा मात्र रहन्छ भने प्रदेश सभा राखेर विकास बजेट सिध्याउने किन ? यतिबेला ८० प्रतिशत बजेट सामान्य खर्चमा सकिएको छ भने विकास कसरी सम्भव हुन्छ ?

संघीयता नै...

शंकर पोखरेल केन्द्रीय राजनीतिमा नाम चलेकै व्यक्ति भएपनि उनले प्रदेशको राजधानी आफ्नै गृह जिल्ला दाङ्गमा लैजाने अनुमति पार्टीका दुवै अध्यक्ष केपीओली र पुष्पकमल दाहालसँग लिएर आफ्नो अधिकारको प्रयोग नगरी उनले संविधानले दिएको अधिकारको समेत उल्लंघन गरेका छन् । प्रदेशको नाम र राजधानी तोक्ने अधिकार प्रदेश सभालाई नै रहेको छ । त्यसरी नाम र राजधानी तोक्दा प्रदेश सभाको दुई तिहाईको मतले पारित हुनुपर्ने सम्वैधानिक व्यवस्था रहेको छ ।

प्रदेश नं. ५ का मुख्यमन्त्री पोखरेल र पार्टीको महासचिव विष्णु पौडेल बीचमा आ आफ्नो गृह जिल्लामा प्रदेशका राजधानी बनाउने होड निर्वाचनकै बेला चलेको थियो । अहिले राजधानी दाङ्गमा लैजाने प्रदेश सरकारको निर्णयलाई पार्टीका दुई अध्यक्षहरूले सहमति जनाएपछि महासचिव पौडेल एक्लै भएका छन् ।

प्रदेशसभाको अधिकारमाथि पार्टीले हस्तक्षेप गरी आदेश दिनु भनेको संघीयताको मर्म विपरित र संविधान विपरितको कार्य हो । नेकपाका कार्यकर्ताहरु कसैका दास होइनन् भने उनीहरूले आफ्नो विवेक प्रयोग गर्नुपर्ने बेला आएको छ । सत्ताधारी दलकै केही नेता तथा कार्यकर्ताहरूले मुख्यमन्त्री पोखरेलको निर्णयलाई चुनौती दिँदै प्रदेश नं. ५ को राजधानी बारेमा सरकारले गरेका निर्णयको विरोध गरेका छन् । तर उक्त विरोध देखाउनकै लागि मात्र भएको जस्तो छ । सरकारले प्रदेशसभामा प्रस्तुत गरेको नामाकरणका बारेमा कुनै राजनीतिक दलले विरोध गरेका छैनन् भने राजधानीका विषयमा मात्र विरोध गरेका थिए । सत्ताधारी दल नेकपाकै दुई तिहाई सदस्य रहेकाले सांसदहरूलाई ह्विप लगाएर राजधानीका निर्णय गराइएको छ ।त्यसैले प्रदेशसभा स्वतन्त्र नभएको प्रमाणित भएको छ । यसरी संघीय सरकार र सत्ताधारी दलको हैकमबादले गर्दा संघीयता नै संकटमा परेको छ । त्यसैले भन्न सकिन्छ संघीयता नै घाँडो सावित भयो भनेर ।

प्रदेशसभाहरु...

आदेशमा प्रदेशको नाम र राजधानी तोक्ने होडबाजी नै चलेको छ ।

संघीय संसदमा झण्डै दुई तिहाई मत रहेको छ । झण्डै दुई तिहाईको मत आफ्नो पक्षमा रहेको नेपाल कम्युनिष्ट पार्टी नेतृत्वको संघीय सरकार रहेको छ । संविधान अनुसार गठन भएका ७ वटा प्रदेश मध्येका ६ वटा प्रदेशमा नेकपाकै बहुमतको सरकार रहेको छ । प्रदेश सरकारहरु गठन भएको झण्डै ४ वर्ष पुग्न लाग्दा समेत कतिपय प्रदेशसभा र प्रदेश सरकारले आफ्नो प्रदेशको नाम र राजधानी समेत तोक्न सकेका छैनन् । प्रदेशसभामा नेकपाकै बहुमत रहेका प्रदेश सभा समेत एक मत हुन नसकेपछि प्रदेशका मुख्यमन्त्रीहरु पार्टीका केन्द्रीय अध्यक्षहरूको आदेश पर्खिन बाध्य भएका छन् । पछिल्लो समयमा प्रदेश नं. ५ ले आफ्नो प्रदेशका नाम लुम्बिनी र राजधानी दाङ्गको भालुवाङ्ग तोक्ने निर्णय गरेको छ । लामोसमयसम्म प्रदेशको नाम र राजधानी तोक्न नसकेपछि पार्टीका दुई अध्यक्षहरु केपीओली र पुष्पकमल दाहालको सहमतिमा नाम र प्रदेश तोकेको छ । तर आफूले पाएको अधिकार समेत प्रयोग गर्न नसकेपछि आफ्नो अधिकार अरूलाई दिएर प्रदेशसभा र प्रदेश सरकार रवर स्टाम्प बन्न खोजिरहेका छन् । त्यसैको परिणाम हो संविधानले दिएको अधिकारसमेत अरूलाई दिएर प्रदेशसभालाई रबरस्टाम्प बनाउन खोज्नु ।

संविधानमा व्यवस्था भएअनुसार प्रदेश सभाले प्रदेश सभाका दुई तिहाई सदस्यहरुको सहमतिमा प्रदेशको नाम र राजधानी तोक्न सक्ने सम्वैधानिक व्यवस्था रहेको छ । तर आफ्नो अधिकारको प्रयोग नगरी पार्टीलाईहस्तक्षेप लागि पार्टी अध्यक्षहरूलाई गुहार्ने प्रदेशका मुख्यमन्त्रीहरुको व्यवहारलाई कुनै शर्तमा पनि स्वीकार सकिने अवस्था देखिँदैन । यसरी आफ्नो अधिकार प्रयोग नगरी पार्टीलाई गुहार्ने पद्दतिलाई अघि बढाउने हो भने त्यसले संघीयताका लागि नै घातक हुन सक्छ । पहिला प्रदेश नं. ३ का मुख्यमन्त्रीले समेत आफ्नो अधिकार प्रयोग नगरी पार्टी अध्यक्षलाई गुहार गरेका थिए । अहिले त्यही प्रक्रिया प्रदेश नं. ५ मा समेत दोहोरिएको छ । यसरी आफ्नो अधिकार प्रयोग गर्न नसक्नेहरूले आफ्नो अधिकार पार्टीलाई बुझाएका हुनाले भविष्यमा त्यसले अर्को समस्या ल्याउन सक्छ ।

संविधानलाई...

प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएको व्यक्ति त्यो प्रतिनिधिसभाको कार्यकाल भरी मन्त्री पदमा नियुक्तिका लागि योग्य हुनेछैन् । संविधानले निर्वाचन हारेका व्यक्ति राष्ट्रिय सभाको सदस्य बन्न पाउने कि नपाउने भन्ने किटान गरेको छैन । संविधान निर्माण गर्दा दलहरु यति तल्लो स्तरमा आउलान् भनेर कल्पना नगरिएको हुनाले त्यो व्यवस्था नगरिएको होला । त्यसबेला दलहरूले लोकतान्त्रिक भावनाको कदर गर्लान् भन्ने विश्वास गरिएको थियो । संविधानले छोडेको यहि छिद्रालाई टेकेर वामदेव गौतमलाई राष्ट्रियसभाको सदस्य बनाइएको छ । संविधानको धारा ७६ (९) ले संघीय संसदको सदस्यहरूबाट मन्त्री बनाउने व्यवस्था गरिएको छ । वामदेव गौतमको सदस्य पद र मन्त्री बन्न पाउनेका विरूद्ध सम्वैधानिक अदालतमा बहस चलिरहेको छ । त्यसैले गर्दा र संविधानको छिद्रालाई टेकेर सम्वैधानिक इजलासले सम्वैधानिक भावनाको वेवास्ता गर्दै संविधानको धारा ७६ (९) अनुसार गौतम मन्त्री बन्न सक्छन् भन्ने निर्णय दिन सक्ने अवस्था समेत देखिन्छ ।

संविधान लागु भएको पाँच वर्ष भित्रै संविधान कागजको खोस्टोका रूपमा परिणात हुँदै गएको छ । संविधानले व्यवस्था गरेका कतिपय कुराहरु आजसम्म लागु गरिएका छैनन् । गैर लोकतान्त्रिक कर्तुतहरूलाई ढाकछोप गर्नेमा दलहरु र सरकारले दिन बिताईरहेका छन् ।संघीय प्रणालीको भावना र आवश्यकता विपरितप्रदेशको राजधानी र नामसम्म केन्द्रबाट तोकिनु पूर्ण रूपमा असम्वैधानिक कार्य हो । संविधानको धारा २८८(२) ले दिएको अधिकारमा प्रदेशको राजधानी र नाम प्रदेशसभाको दुई तिहाई बहुमतले तोक्ने प्रष्ट व्यवस्था भएपनि पार्टीका अध्यक्षहरूले त्यसलाई हस्तक्षेप गर्ने र संघीय मन्त्रिपरिषद्ले निर्णय गर्ने अधिकार संविधान नदिएकोले पछिल्लो समयमा संविधानको धज्जी उडाउने काम भएको छ ।

चाडपर्व...

व्यापारीहरूलाई उठ्नै नसक्ने गरी जरिवाना गरे । यसलाई देखाएर ठुला ठुला काला व्यापारीहरुबाट असुल्न थालेको विभाग निकट स्रोतको भनाई छ । महानिर्देशक सुवेदीले कालाबजारी र उपभोक्ता हित विपरित कार्य गर्ने व्यापारीहरूलाई कार्यालय समय सकिएपछि मोलमोलाई गरी छुट दिने र साना व्यवसायी तथा व्यापारीहरूलाई भने जरिवाना गर्दै आएका छन् ।

विभाग निस्क्रिय र गैरजिम्मेवार छ भन्ने कुरा त केही दिन अघि कलंकी घटनाले दर्शाएको छ । खाने तेल, हर्लिक्स, बनर्भिटा, स्निकर्स, मार्स, ओरियो, क्याटबरी लगायत सयौं अखाद्य बस्तुहरु गोदाम गरी विगत ८ वर्षदेखि पुनः नयाँ लेबल लगाउँदै बजारमा विक्रि वितरण गरिँदै आएको थियो । राजधानीको मुटुमै उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने गरी भएको यस्ता अपराधिक कार्य विभागले भने पत्ता लगाउन सकेन । विभागले बर्षेनी लाखौं रूपैंया बजार अनुगमनमा खर्चिदै आएको भएपनिउपभोक्ता हित विपरितका गम्भीर अपराधमा बेखबर बन्नुलाई विभागका अधिकारीहरूको मिलेमतो छ भन्न सकिन्छ ।

डेट एक्सपायर भई जनस्वास्थ्यमाथि गम्भीर असर पुर्‍याउने गरी चकलेट तथा बिस्कुट हर्लिक्स समेतका अखाद्य बस्तुहरुबिक्रि वितरण भईरहेको अवस्थामा विभाग बेखबर बनिरहेको बेला नेपाल प्रहरीले कलंकीबाट प्रवीण कुमार वंकाले सञ्चालन गरेकोगोदाम नियन्त्रणमा लिएपनि विभागले कडा कारबाही गर्नुको सट्टा मुद्दा हलुका बनाई दोषीलाई उन्मुक्ति दिने खेल खेलिरहेकोछ । बंकाले ए.एस.टि. प्रा.लि.मार्फत विगत ८ वर्षदेखि भारतबाट म्याद सकिएका अखाद्य पदार्थहरु ल्याउने र रिलेबलिङ्ग गरी बजरमा विक्रि वितरण गर्दै आइरहेकोथियो ।

विभागले ए. एस.टि. प्रा.लि.को गोदाममा सिल गरेको छ । गोदाममा ४ करोड मूल्य बराबरको अखाद्य बस्तु रहेको अनुमान गरिएको छ भने त्यसको २५ प्रतिशत (१ करोड) धितो जमानी गरी सञ्चालकलाई छाडिदिएको छ । तर, सिल गरिएको गोदाममा कुन कुन ब्राण्डका कति मूल्य बराबरको कति वस्तु छन् भन्ने विभागले बिस्तृत अध्ययन नै गरेको छैन ।

यो त एउटा उदाहरण मात्र हो । आम उपभोक्ताको हित संरक्षणको जिम्मेवारी पाएको विभाग यतिबेला नेतृत्वकै कारणभुत्ते बन्न पुगेको छ । बजारमा अखाद्य बस्तुहरु नियोजित रूपमै विक्रि वितरण गर्दा उपभोक्ताहरूको ज्यानै जान सक्ने अवस्था उत्पन्न हुन सक्ने भएपनि विभागले त्यस्ता खाले अपराधीहरूसँग साँठगाँठ गरी कमिसन असुल्दा आम उपभोक्तामाथि नै गम्भीर स्वास्थ्य समस्या पर्न थालेका छन् । यसतर्फ स्वयम् प्रधानमन्त्री केपी शर्मा ओली र सम्बन्धित मन्त्रालयले ध्यान पुर्‍याउन जरूरी छ । आफूँले पाएको अख्तियारलाई दुरूपयोग गरी अवैध आर्जनमा लाग्ने महानिर्देशक सुवेदीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले समेत सुक्ष्म ढँगले छानविन गर्नुपर्ने विभिन्न उपभोक्तावादी नेताहरूको भनाई छ ।

एकीकृत...

एकीकृत हुन सकेकोमा खुशी व्यक्त गर्नुभएको छ । अध्यक्ष थापाले आगामी निर्वाचनमा राप्रपा बैकल्पिक शक्तिका रूपमा अगाडि आउने विश्वास पनि व्यक्त गर्नुभएको छ । एकीकृत राप्रपापछि पार्टी पंक्तिमा ठूलै हौसला देखिन थालेको छ । अध्यक्ष कमल थापाले सामाजिक सञ्जालमा लेख्नुभएको छ-'२०७३ सालको एकता महाधिवेशनपछि विभाजित भएको पार्टीलाई आफ्नै कार्यकालमा पुनः एकीकृत गर्न सकेकोमा खुसी छु,गौरव लागेको छ । आगामी चुनावबाट राप्रपालाई देशको अग्रणी शक्ति बनाउने संकल्प गर्दछु । अब राप्रपाको झण्डामा 'गाई' रहने छ र चुनावचिन्ह 'हलो' हुनेछ । राप्रपाको चुनाव चिन्ह जनतासम्म पुर्याउने प्रचार अभियान अन्तर्गत मेरो सामाजिक संजालको प्रोफाईलमा आजैदेखि 'हलो' अंकित गरेको छु । पार्टीका साथीहरूलाई पनि सो बमोजिम गर्न आग्रह गर्दछु ।'



समयमै श्रम अडिट गरौं,
जिम्मेवार प्रतिष्ठानको
परिचय दिऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyanweekly40@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार